सुशासनका पक्षमा सबै एकताबद्ध हुन जरूरी छ : अध्यक्ष दाहाल | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २१९ • २०८१ साल पुस २० गते शनिबार (4 January, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–

## मधेशी शक्तिहरुबीच सहकार्यका लागि संवाद तीव्र



**टुडे समाचारदाता**

जनकपुरधाम । देशका प्रमुख राजनीतिक दलहरुबीचको सत्तागठबन्धनले तराई-मधेश केन्द्रित दलहरुबीच सहकार्यका लागि दबाब बढाएको छ।

हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी नेपालले गठन गरेको वार्ता टोलीले विभिन्न दलहरुसंगको वार्ता र सम्वादलाई सघन रुपमा अगाडि बढाएको छ।

जप्रपाका वरिष्ठ उपाध्यक्ष डा.शिवजी यादवको संयोजकत्वमा गठन भएको वार्ता टोलीले महन्थ ठाकुरको लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)र राजेन्द्र महतोले हालै गठन गरेको राष्ट्रिय मुक्ति पार्टी नेपालसंग वार्ता गरेको छ।

अशोक राईको जसपाले राजेन्द्र श्रेष्ठको नेतृत्वमा ३ सदस्यीय वार्ता टोली गठन गरेको जनाउँदै जप्रपाका वार्ता टोलीका सदस्य ईश्वरदयाल मिश्रले राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोसहितका नेताहरुसंग संवाद भएको जनाएका छन् ।

लोसपाका अध्यक्ष महन्थ ठाकुरसंग पनि वार्ता भएको जनाउँदै मिश्रले भने, अधिकारवादी सबै दलका लागि समस्या एकैनासको रहेकोले सहकार्य गर्नुपर्ने सबैले महसुस गरेका छन् ।

'सबै दलका नेताहरु सहकार्यका लागि सहमत रहेका छन्' उनले भने, संविधान, संघीयता र लोकतन्त्रको रक्षाका लागि सबै मधेशी दलहरु एक ठाउँमा आउनै पर्ने सबैको साझा धारणा रहेको छ।

देशको परिस्थिति निरन्तर जटिलता तर्फ उन्मुख भएको, बिग्रिदो अर्थतन्त्र नैराश्यता बढ्दो रहेकोले आक्रान्त, जनतामा आशावादीको खाँचो भएको उनले बताए।

### सफ्टवेयरको खाताबाट साढे ३ करोड चोरी

## सामाजिक सञ्जालबाट करोडौँको ठगी, सचेत रहन सीआईबीको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । बैंक तथा वित्तीय संस्थाहरुबाट ठगी गर्ने, सामाजिक सञ्जालमार्फत विभिन्न प्रलोभनमा पारी नेपालमा करोडौं रुपैयाँको ठगी सम्बन्धी मुद्दा प्रहरीमा परेको छ । विभिन्न व्यक्तिहरुलाई ठग्न प्रयोग भएको ५ सय भन्दाबढी मोबाइल नम्बर सक्रिय रहेको प्रहरीले जनाएको छ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले शुक्रबार जारी गरेको सचेतनामुलक सन्देशमा फेसबुक, इन्स्टाग्राम, टेलिग्राम, ह्वाट्सएप, मेसेञ्जर, भाइवर, इमोलगायतका सामाजिक सञ्जालहरु र इ-सेवा, खल्तीजस्ता वालेट तथा बैंक/बित्तीय संस्थाबाट बोलेको भनि विभिन्न अपरिचित नम्बरहरुबाट फोन गरी वा म्यासेज गरी नेपाल सरकारका कर्मचारीहरु तथा सर्वसाधारणहरुलाई समेत धोकापूर्ण तरिकाले प्रलोभनमा पारी ठगी हुने गरेको उल्लेख गरिएको छ।

अनलाइन ठगीहरुबाट बच्न सामाजिक सञ्जालहरुको प्रयोग गर्दा सचेत रहन सीआईबीले आग्रह गरेको छ ।सीआईबीका सुचना अधिकारी समेत रहेका प्रवक्ता एसपी होबिन्द्र बोगटीले समाजिक सञ्जाल लगायतका माध्यमहरुबाट सर्वसधारणलाई ठग्ने क्रम बढेकोले सचेत रहन आग्रह गरेका छन् ।

ई सेवा, खल्ती जस्ता वालेट, बैंक तथा वित्तीय संस्थाहरुको लोगो समेत प्रयोग गरी धोकापूर्ण तरिकाले सम्बन्धित संस्थाको आधिकारिक व्यक्ति भनी फोन कलगरि प्रलोभनमा पार्ने गरिएको उजुरीहरु आएको बोगटीले जनाएका छन् ।

'ई सेवा, खल्ती जस्ता वालेटमा पटक-पटक गलत पासवर्ड राखेर तत्कालका लागि बन्द गर्ने र सोही समयमा मोबाइलबाट प्रयोगकर्तालाई कल गरी वालेटमा समस्या आएको बताउने गरिएको छ' सीआईबीले जारी गरेको सुचनामा भनिएको छ, 'म सेवा प्रदायक कम्पनीबाट बोलेको भनी ओटीपी (गोप्य कोड) माग गर्ने र क्षणभरमा नै उक्त वालेटमा भएको रकम अन्य व्यक्तिको वालेट वा बैंक खातामा ट्रान्सफर गरिन्छ।

सामाजिक संजालमा विभिन्न खालका प्रलोभनमा पार्ने सन्देशहरु पठाउने र विभिन्न किसिमका आर्टिफिसियल इन्टेलिजेन्सले सृजना गरेका आवाजहरुबाट कल गरी तपाईको सामान आएको छ, तपाईलाई फाईदा हुने खालको व्यापार छ भन्ने जस्ता लिंक पठाई खोल्न लगाउने र लिंक खोल्ने बित्तिकै पासवर्ड र युजरनेममा पहुँच पुऱ्याई पैसा ट्रान्सफर गर्ने कार्य भइरहेको एसपी बोगटीले जनाएका छन् ।

सीआईबीले अनलाईन व्यापारको नाममा सामाजिक संजालमा बिभिन्न साईटहरु खोली सामानको आकर्षक फोटो भिडियो अपलोड गर्ने र कुनै ग्राहकले सामान अर्डर गर्दा विभिन्न क्यूआर र बैंक खातामा रकम माग गर्ने र रकम प्राप्त गरिसके पछि सामान डेलिभरि नगरी सम्पर्कविहीन भई ठगी गर्ने भेटेको जनाएको छ ।

> सिटिजन्स बैंकको सफ्टवेयर पनि एफ वान सफ्टले नै निर्माण गरेको थियो । त्यसपछि एफवान सफ्टले नै सिटिजन्स बैंकको दरबारमार्ग स्थित शाखामा खाता खोलेको थियो । उक्त सफ्टवेयर ह्याक गरेर एफ वान सफ्टकै खाताबाट ३ करोड ५१ लाख ५० हजार ३ सय ७० रुपैयाँ चोरी गरेको अभियोगमा २४ जनालाई प्रतिवादी बनाउँदै काठमाडौं जिल्ला अदालतमा विद्युतीय ठगीको कसुरमा मुद्दा दायर गरिएको छ ।

पोखरामा ५७ लाख, चितवनमा १६ लाख, नेपाल सरकारमा कर्मचारीहरुको ५ लाख ५० हजार, विभिन्न कम्पनी तथा सर्वसाधारणहरुको करोडौं रकम ठगी गरिएको सम्बन्धनमा सीआईबीले अनुसन्धान गरिरहेको एसपी बोगटीले जनाएको छ।

सीआईबीले ठगी कार्यमा हालसम्म ५सय भन्दा बढी संदिग्ध फोन नम्बरहरु सक्रिय रहेको उल्लेख गर्दै अपरिचित नम्बरहरुबाट आएका फोन तथा मेसेजहरु नउठाउन तथा रिप्लाई नगर्न सीआईबीले आग्रह गरेको छ।

अनेक किसिमका ठगीमा संलग्न संदिग्ध व्यक्तिहरुको सम्बन्धमा जानकारी प्राप्त भए सीआईबी अथवा प्रहरी कार्यालयमा सुचना दिन आग्रह गरिएको छ।

सुचना प्रबिधिबाट बैंकिंग कारोबारलाई सहज बनाएसँगै लुट्नेहरुका लागे पनि मार्ग सहज बनाइदिएको छ ।केही लाख रुपैयाँ लुटपाट गर्न बन्दुक चलाउने जस्ता अपराधिक क्रियाकलापमा कमी भए पनि आँखा झम्काउन नपाउँदै करोडौं लुट्ने धन्धामा भारी वृद्धि भएको छ।

यसैबीच एफवान सफ्टको सिस्टम ह्याक गरेर सिटिजन्स बैंकको खातामा रहेको साढे ३ करोड रूपैयाँभन्दा बढी रकम चोरी भएको खुलेको छ।

सिटिजन्स बैंकको सफ्टवेयर पनि एफ वान सफ्टले नै निर्माण गरेको थियो। त्यसपछि एफवान सफ्टले नै सिटिजन्स बैंकको दरबारमार्ग स्थित शाखामा खाता खोलेको थियो। उक्त सफ्टवेयर ह्याक गरेर एफ वान सफ्टकै खाताबाट ३ करोड ५१ लाख ५० हजार ३ सय ७० रुपैयाँ चोरी गरेको अभियोगमा २४ जनालाई प्रतिवादी बनाउँदै काठमाडौं जिल्ला अदालतमा विद्युतीय ठगीको कसुरमा मुद्दा दायर गरिएको छ।

प्रतिवादी बनाइएका २४ जनामध्ये ९ जनालाई पक्राउ गरिसकिएको र १५ जना फरार रहेको व्यूरोका एसपी दीपकराज अवस्थीले जनाएका छन् ।

पक्राउ पर्नेहरूमा ललितपुरको त्रिगुण रत्न बज्रचार्य, सिरहाका राहुल ठाकुर, सिरहाकै पुरुषोतम साह, सप्तरीका कृष्णरमण राउत, सप्तरीकै संजिवकुमार शर्मा, उदयपुरका कमल थापा मगर, उदयपुरकै दीपक थापा मगर, सुनसरीका सन्देश राई र सुनसरीकै सागरकुमार साह रहेका छन्






# निरन्तर घट्दै टेलिकम सेवाप्रदायकको राजस्वमा योगदान

काठमाण्डु । पछिल्लो एक दशक टेलिकम सेवाप्रदायकका लागि व्यापारका हिसाबले प्रतिकुल रह्यो । यस अवधिमा केही सेवाप्रदायक बन्द भए भने यस क्षेत्रबाट हुने समग्र आम्दानीमा पनि ठूलो सङ्कुचन आयो । नेपाल दूरसञ्चार प्राधिकरणका केही समय अघिसम्म छ वटा सेवाप्रदायक रहेकामा अहिले दुई वटामा सीमित भएका छन् भने आम्दानी करिब २५ प्रतिशतले ओरालो लागेको छ ।

टेलिकम सेवाप्रदायकको आम्दानीमा संकुचन आउँदा यसको सोझो असर राज्यले प्राप्त गर्ने राजस्वमा पनि परेको छ । विश्व बैंकले सार्वजनिक गरेको नेपालसम्बन्धी प्रतिवेदनमा सन् २०१६ मा दूरसञ्चार कम्पनीहरुले मुलुकको कुल ग्राहस्थ्य उत्पादन (जिडिपी)मा करिब ४ प्रतिशत योगदान रहेकामा सन् २०२३ मा आइपुग्दा यो आधाभन्दा बढीले कम भएको छ ।


सन् २०१६ मा दूरसञ्चार सेवाप्रदायकको जीडीपीमा तीन दशमलव नौ प्रतिशत योगदान रहेकामा सन् २०२३ मा आइपुग्दा एक दशमलव आठ प्रतिशतमा सीमित भएको छ । त्यति मात्रै होइन, त्यसयता सेवाप्रदायकको योगदान बर्सेनि घट्दो क्रममा छ । विज्ञहरु यदि समयमै नीतिगत सुधार नहुने हो भने सेवाप्रदायकको आम्दानी र सरकारले प्राप्त गर्ने राजस्व थप सङ्कुचित हुने बताउँछन् ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्व वरिष्ठ निर्देशक आनन्दराज खनालका अनुसार हाल टेलिकम कम्पनीहरु संकटोन्मुख अवस्थामा छन् । टेलिकम कम्पनीहरुको अनुमतिपत्र नवीकरण शुल्कदेखि, भाइबर, ह्वाट्स एप, इमोलगायतका ओटीटी (ओभर दि टप) प्लेटफर्मलगायतका समस्या सम्बोधन नगर्ने हो भने टेलिकम कम्पनीहरुलाई आगामी दिनमा व्यवसाय सञ्चालन गर्न समेत गाह्रो हुने अवस्था आउनसक्ने उनको विश्लेषण छ ।

तथ्याङ्कअनुसार सन् २०१७ मा टेलिकम सेवाप्रदायकको जीडीपीमा योगदान तीन दशमलव चार प्रतिशत, सन् २०१८ मा तीन प्रतिशत, सन् २०१९ मा दुई दशमलव सात प्रतिशत, सन् २०२० मा दुई दशमलव चार प्रतिशत हुँदै सन् २०२१ मा दुई दशमलव दुई प्रतिशत र सन् २०२२ मा एक दशमलव नौ प्रतिशतमा सीमित भएको छ ।

महङ्गो सञ्चालन खर्च, बर्सेनि सेवा सञ्चालानार्थ ठूलो लगानीका बावजुद नियमनकारी निकायले सहजीकरण नगरिदिँदा सृजित समस्याका कारणले टेलिकम सेवाप्रदायकहरुले यो समस्या भोग्नु परेको विज्ञ खनालको बुझाइ छ । “अर्बौं लगानी भइरहेको क्षेत्रमा सरकारले पनि सोहीअनुसार उनीहरुलाई आम्दानीका लागि सहजीकरण गरिदिनुपर्छ”, उहाँले भन्नुभयो, “जबसम्म कम्पनीहरुले आम्दानी गर्न सक्दैनन्, तबसम्म प्रभावकारी र गुणस्तरीय सेवाप्रवाह र विस्तार गर्न सक्दैनन्, त्यसैले ठूला लगानी भएका क्षेत्रमा पनि समान र न्यायोचित व्यवहारको आवश्यकता छ ।”

प्राधिकरणका अनुसार हाल सञ्चालनमा रहेका दुई सेवाप्रदायक नेपाल टेलिकम र एनसेलले मात्रै हालसम्म रु पाँच खर्बभन्दा बढी राजस्वमार्फत सरकारलाई योगदान गरिसकेका छन् र यो प्रत्येक वर्ष घट्दो अवस्थामा छ । त्यसबाहेक टेलिकम कम्पनीहरुले जनतालाई सञ्चारको सुविधा उपलब्ध गराउँदै अर्थतन्त्रलाई विभिन्न आयामबाट चलायमान बनाइरहेका छन् । हाल यस क्षेत्रमा हाल ४० हजारभन्दा बढीले रोजगारी पाइरहेका छन् ।




नेपाल टेलिकमले आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रतिवेदनमा भ्वाइस, एसएमएस सेवासहित समग्रमा राजस्व घट्नुमा ओटीटी प्लेटफर्मको नकारात्मक प्रभाव नै भएको उल्लेख गरेको छ । साथै प्रविधिमा आएको परिवर्तनका कारण पिएसटिएन तथा एडिएसएल सेवाको राजस्व विगतका वर्षहरुदेखि नै लगातार घट्दो क्रममा रहेको उल्लेख गरेको छ ।

बढ्दो प्रतिष्पर्धाका कारण नियमित रुपमा महसुल दरमा गर्नुपरेको कटौती तथा सस्तो दररेटमा उपलब्ध अफर प्याकेजका कारण साधारण ट्यारिफ प्रयोग गर्नेभन्दा प्याकेज प्रयोगकर्ता बढेपछि ग्राहक संख्या बढेपनि जीएसएम सेवाको राजस्व उक्त आर्थिक वर्षमा रु ४४ करोडले कम भएको नेपाल टेलिकमको भनाइ छ ।

> नेपाल टेलिकमले आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रतिवेदनमा भ्वाइस, एसएमएस सेवासहित समग्रमा राजस्व घट्नुमा ओटीटी प्लेटफर्मको नकारात्मक प्रभाव नै भएको उल्लेख गरेको छ ।

“दूरसञ्चार प्रविधिको विकास, इन्टरनेट सेवाको बढ्दो पहुँचका कारण ओटीटी (जस्तै भाइबर, ह्वाट्सएप, म्यासेन्जर, इमो आदि) सेवाहरुको व्यापक प्रयोग, विदेशबाट हुने आगमनकल र मुलुकभित्रको कलको परिमाणमा असर परेका कारण अन्तरआबद्धता आय करिब रु ६८ करोडले कम भएको छ भने समग्रमा समीक्षा अवधिमा कुल आय सञ्चालन रु एक अर्ब ६५ करोडले सञ्चित भएको छ”, कम्पनीको आव २०७९र८० को वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

एनसेलका प्रमुख नियामक मामिला अधिकृत विशाल उपाध्याय सञ्चार क्षेत्रलाई पनि अन्य युटिलिटिज जस्तै सुविधा दिनुपर्ने आवश्यकता औँल्याउँछन् । उनका अनुसार जसरी पानी, विजुली र सरसफाइका लागि नियम छ, त्यस्तै व्यवस्था टेलिकम क्षेत्रमा पनि हुनुपर्ने उनको धारणा छ ।

“हामी सबैले खानेपानीका लागि मासिक रुपमा निश्चित शुल्क तिरिरहेका हुन्छौं, विजुली र फोहोर व्यवस्थापनको हकमा पनि त्यही हो । मोबाइल सेवामा पनि यो क्षेत्रलाई चलायमान राख्न र कमाउदै विकासमा पुनः लगानी गर्न सक्ने बनाउन केही सुनिश्चितता चाहिन्छ । यसका लागि हालको अवस्थामा कमिटमेन्ट मोडल एक हुनसक्छ जस्मा ग्राहकले निश्चित अवधिमा निश्चित रकमको सेवा लिन सक्छन्,” उहाँले भन्नुभयो, “बर्सेनि अर्बौं रुपैयाँ लगानी भइरहेको यस क्षेत्रको संरक्षण र विकासका लागि पनि सरकारले त्यसप्रकारको नीति ल्याउनु जरुरी भइसकेको छ ।”

हालै एक सार्वजनिक कार्यक्रममा एनसेलका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत (सीइओ) जाब्बोर कायुमोभले टेलिकम कम्पनीको आम्दानी मात्रै घटेका हिसाबले हेर्न नहुने उल्लेख गर्दै यसबाट मुलुकले पनि यस क्षेत्रबाट प्राप्त हुनसक्ने लाभ गुमाइरहेको धारणा राख्नुभयो । उहाँले टेलिकम क्षेत्रका केही मुद्दा तत्काल नै सम्बोधन नभए अर्बौंको लगानी संकटमा पर्ने समेत जिकिर गर्नुभयो । उहाँले नेपालले पनि भारत सरकारले जस्तै टेलिकम कम्पनीलाई बचाउनका लागि केही नीतिगत सुधारमा जोड दिनुपर्ने आवश्यकता औँल्यानुभएको थियो । साथै दीर्घकालीन रुपमा कमिटमेन्ट मोडल र मुलुकमा रहेको मूल्यस्फीतिको आधारमा टेलिकम सेवाको मूल्य समाजोजन आवधिक रुपमा परिमार्जन गर्र्न सकिने उहाँको भनाइ थियो ।

टेलिकम कम्पनीहरु नियामकीय प्रावधानका कारण पनि आफूहरुको आम्दानी गुमिरहेको बताउँछन् । त्यसैमध्येको एक हो, दूरसञ्चार सेवा शुल्क । सन् २०१८ मा १० प्रतिशतमा रहेको यो शुल्कलाई बढाएर १३ प्रतिशत बनाइयो । जुन वार्षिक रु सात अर्ब हुन्छ, भने डाटा सेवामा यो शुल्क लगाउँदा त्यो रकम वार्षिक रु पाँच अर्ब हुन्छ । साथै स्पेक्ट्रममा बाँडफाँटमा ढिलाइ तथा उच्च शुल्क हुँदा पनि टेलिकमका सेवाप्रदायकलाई घाटा भएको देखिन्छ । साथै इन्टरकनेक्सन दर प्रतिमिनेट ५४ पैसाबाट प्रतिमिनेट १० पैसामा सीमित गर्दा टेलिकम सेवाप्रदायकको वार्षिक रु ३ अर्बभन्दा बढी गुमेको छ ।

एनसेलका अनुसार आउटगोइङ लोकल भ्वाइस (पेएजयूगो)को दर प्रतिमिनेट एक रुपैयाँ ९९ पैसाबाट एक रुपैयाँ ६२ पैसामा सीमित गर्दा वार्षिक रु एक अर्ब ७० करोड घाटा भएको छ भने सरकारले टिकटकमा प्रतिबन्ध लगाउँदा टेलिकम सेवाप्रदायकको रु एक अर्ब २० करोड आम्दानी घटेको थियो । यसरी हेर्दा नियामकीय प्रावधानका कारण टेलिकम क्षेत्रले करिब रु २२ अर्ब आम्दानी गुमाएको टेलिकम सेवाप्रदायक एनसेलको दाबी छ ।

### घट्दो भ्वाइस र आइएलडीको आम्दानी

दुवै टेलिकम कम्पनीहरु भ्वाइस, डाटा र अन्तर्राष्ट्रिय आगमन कलबाट हुने आम्दानी संकुचित हुँदै जानुमा ओटीटी प्लेटफर्म मुख्य कारण भएको बताउँछन् । यसका लागि सरकारले नीतिगत रुपमा समस्या सम्बोधन गर्नुपर्ने उनीहरुको बुझाइ छ । नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडीले नयाँ बन्न लागेको दूरसञ्चार ऐनको मस्यौदामा आफूहरुले यस प्रकारको समस्या समाधान हुने गरी सुझाव दिएको बताउनुहुन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार आर्थिक वर्ष २०७३/७४ मा भ्वाइसबाट हुने आम्दानी रु ४३ अर्ब ५१ करोड ७० लाख रहेकामा आव २०७९/८० मा आइपुग्दा २५ दशमलव ११ प्रतिशतले घटेर रु ३२ अर्ब ५८ करोड ८० लाखमा सीमित भएको छ । साथै सोही अवधिमा इन्टरनेशनल लङ डिस्टेन्स कल (आइएलडी)बाट हुने आम्दानी ५६ दशमलव ६४ प्रतिशतले ओरालो लागेको छ । अर्थात् आव २०७३/७४ मा नेपाल टेलिकम र एनसेलले अन्तर्राष्ट्रिय कलमार्फत रु २५ अर्बभन्दा बढी आम्दानी गरेकामा आव २०७९/८० मा आइपुग्दा रु १० अर्ब ८५ करोडमा सीमित भएको छ ।

### खुम्चादै आम्दानी

आर्थिक वर्ष २०१६/१७ मा नेपाल टेलिकम र एनसेलले वार्षिक रु ९७ अर्ब आम्दानी गरिरहेकामा अहिले त्यो खुम्चिएर रु ७३ अर्बमा झरेको छ ।

एनसेलले गरेको एक प्रक्षेपण अनुसार नितीगत सुधार नगरेको अवस्थामा आगामी दिनमा दुवै टेलिकमको आम्दानी अझै गुम्ने स्पष्ट देखिन्छ भने केही वर्षभित्रै कम्पनीहरु घाटामा जान सक्नेछन् । यसैगरी, सेवाप्रदायकहरुले नयाँ प्रविधि भित्राउन गर्नपर्ने लगानी, आक्रमक रुपमा सेवा विस्तार प्रभावित हुनुका साथै हालको नेटवर्कको सेवाको गुणस्तार समेत कायम राख्न चुनौतिपूर्ण हुने देखिन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेलका अनुसार टेलिकमको बजार बढ्दै जाने र आम्दानी घट्दै जानुको अर्थ केही नीतिगत रुपमा समस्या रहेको बुझ्न सकिन्छ ।रासस

# ‘हरेक नागरिकको घरमा शुद्ध खानेपानीको व्यवस्था गर्छौं’




**अनिल तिवारी**

वीरगञ्ज । खानेपानी मन्त्री प्रदीप यादवले वीरगञ्ज महानगरपालिकामा थपिएका नया' वडाहरुमा शुद्ध खानेपानी पुऱ्याउनु आफ्नो प्रमुख दायित्व भएको बताएका छन् । नयाँ खानेपानी पाइपलाईन विस्तार परियोजना शिलान्यास गर्दै मन्त्री यादवले आम नेपाली नागरिक सहित यहाँका थपिएका वडाहरुमा शुद्ध खानेपानी पुऱ्याउनु आफ्नो प्रमुख दायित्व रहेको बताए ।

वीरगञ्जमा शुक्रबार जनता सडक अन्तर्गत रामराजा पुलदेखि प्रसौनी विर्ता हुँदै इनर्वा मनियारी र जगरनाथपुर सडक (पाँच किमी) सम्म खानेपानी पाइपलाइन विस्तार परियोजनाको मन्त्री यादवले शिलान्या गरे ।

शिलान्यास कार्यक्रममा बोल्दै मन्त्री यादवले भने “आम नेपाली नागरिकलाई शुद्ध खानेपानी दिनु मेरो प्रमुख दायित्व हो । खानेपानी मन्त्रालय मुलुकका हरेक नागरिकलाई शुद्ध पानी वितरण व्यवस्थापनका लागि कटिवद्ध छ ।”

शिलान्यास सभामा बोल्दै मन्त्री मन्त्री यादवले पर्सा जिल्लावासी आम नगारिकहरुका खानेपानीका क्षेत्रमा देखिएका समस्या पूर्ण रुपमा समाधान गरिने समेत बताए ।

उनले तराइ पहाड सवै क्षेत्र प्रदशेका नागरिकमा शुद्ध खानेपानीको पहुँच पुऱ्याउन प्रधानमन्त्री केपी शर्मा ओलीको स्पष्ट निर्देशन रहेको बताए ।

# मारवाडी युवा मञ्चद्वारा रक्तदान

**टुडे समाचारदाता**

राजविराज । रगतको अभावमा कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उदेश्यले मारवाडी युवा मञ्चले शुक्रवार सप्तरीको दुई स्थानमा बृहत् रक्तदान कार्यक्रमको आयोजना गरेका छन् ।

मारवाडी युवा दिवसको अवसर पारेर सप्तरीको राजविराज र हनुमाननगर कंकालिनी नगरपालिकामा बृहत् रक्तदान कार्यक्रमको आयोजना गरिएको छ ।

मारवाडी युवा मञ्च राजविराजका अध्यक्ष आशिष जोशीको अध्यक्षतामा राजविराजमा तथा मारवाडी युवा मञ्च हनुमाननगरका अध्यक्ष पंकज अग्रवालको प्रमुख आतिथ्यमा हनुमाननगरमा भएको रक्तदान कार्यक्रममा मारवाडी यूवा मञ्चका उपाध्यक्षद्वय उज्जवल काबरा, होमेस काबरा, राष्ट्रिय मारवाडी युवा संगठनका केन्द्रीय सदस्य विसान्त सिंधी जैन, रिंकु जैन, साधना साह, विक्रम काबरा, सुनिल भगत लगायत ६ दर्जन भन्दा बढी युवाहरुले रक्तदान गरेको मञ्चले जनाएको छ ।

नेपाल राष्ट्रिय मारवाडी युवा संगठन मातहतका मारवाडी युवा मञ्चले मारवाडी युवा दिवसको अवसर पारेर शुक्रवार देशैभर बृहत रक्तदान



कार्यक्रमको आयोजना गरेको मञ्चका राजविराज अध्यक्ष आशिष जोशीले बताए ।

मौसम परिर्वतन संगै अस्पतालमा विरामीको संख्या बृद्धि भएकाले जस्तो सुकै अवस्थामा पनि रगतको अभाव नहोस तथा कसैको पनि ज्यान नजाओस भन्ने उदेश्यका साथ एकै पटक देशका विभिन्न स्थानहरुमा बृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको मारवाडी युवा मञ्चले जनाएको छ ।

## राष्ट्रमन्त्रीद्वारा अमेरिकी पूर्वराष्ट्रपति कार्टरप्रति श्रद्धाञ्जली

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अमेरिकी पूर्वराष्ट्रपति जिम्मी कार्टरको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।

मन्त्री डा राणा शुक्रबार काठमाडौंस्थित अमेरिकी राजदूतावासमा पुगी अमेरिकी पूर्वराष्ट्रपति एवं नोबेल शान्ति पुरस्कार विजेता कार्टरको स्मृतिमा त्यहाँ राखिएको शोक पुस्तिकामा हस्ताक्षर गर्दै नेपाली जनता, नेपाल सरकार र आफ्ना तर्फबाट उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै उहाँका परिवारजनमा समवेदना प्रकट गर्नुभएको हो ।

पूर्वराष्ट्रपति एवं कार्टर सेन्टरका संस्थापक जिम्मी कार्टरको एक सय वर्षको उमेरमा गत डिसेम्बर २९ मा निधन भएको थियो । मन्त्री डा राणाले सो शोक पुस्तिकामा पूर्वराष्ट्रपति कार्टर एक प्रजातन्त्रवादी नेता तथा नेपालका सच्चा मित्र हुनुहुन्थ्यो भन्नुभएको छ । रासस

# एमसिसीद्वारा नेपाल कम्प्याक्टका लागि थप पाँच करोड अमेरिकी डलर सहयोग स्वीकृत

काठमाण्डु । संयुक्तराज्य अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) को सञ्चालक समितिले नेपाल कम्प्याक्टका लागि थप पाँच करोड अमेरिकी डलर सहयोग स्वीकृत गरेको छ ।यसले कम्प्याक्टको कूल बजेटलाई सात सय ४७ मिलियन अमेरिकी डलरसम्म पुऱ्याउने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ । यो कदमले अमेरिका र नेपालबीचको लगातार र सशक्त साझेदारीलाई प्रदर्शन गरेको छ । यसले नेपाली नागरिकहरूको जीवनस्तर सुधार गर्नका लागि रूपान्तरणकारी पूर्वाधार परियोजनाहरू अघि बढाउनका लागि दुवै देशको समर्पणलाई थप प्रगाढ पनि बनाउने बताइएको छ । यस थप सहयोग प्रस्तावलाई अब नेपाल सरकारको स्वीकृतिका लागि पठाइनेछ ।एमसिसी सञ्चालक समितिको यस निर्णयले नेपालका विकास प्राथमिकतालाई



रूपान्तरणकारी तथा गुणस्तरीय पूर्वाधार परियोजनाका माध्यमबाट अगाडि बढाउने एमसिसी र नेपाल सरकारबीचको साझा प्रतिबद्धतामाथि जोड दिएको छ ।

एमसिसी कम्प्याक्ट अपरेशनका उपाध्यक्ष क्यामरन अल्फोर्डले भन्नुभयो, “यस अतिरिक्त आर्थिक सहयोगले नेपालको विद्युत् ग्रिडलाई बलियो बनाउने र दीर्घकालीन आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने दिशामा कम्प्याक्टको सफलता सुनिश्चित गर्ने हाम्रो साझा प्रतिबद्धतालाई पुष्टि गर्दछ ।” आर्थिक वृद्धिमार्फत विश्वव्यापी गरिबी निवारण गर्नका निम्ति कार्यरत मिलेनियम च्यालेञ्ज कर्पोरेसन अमेरिकी सरकारको एक स्वतन्त्र विकास निकाय हो । सन् २००४ मा स्थापित एमसिसीले सुशासन, भ्रष्टाचारविरुद्धको लडाइँ र लोकतान्त्रिक अधिकारको सम्मानसम्बन्धी कडा मापदण्डहरू पूरा गर्ने देशहरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : बौद्धिक क्षमता । |
| कंकट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



केही दिनदेखि लगातारको हुस्सु र कुहिरोका कारण जनकपुरधाम लगायत मधेश प्रदेशमा अधिक चिसो बढ्दा जनजीवन प्रभावित बनेको छ। *तस्विर : संजय कुमार यादव*

# सामूहिक खेतीगरी आत्मनिर्भर बन्दै सिसवोनीका दलित महिला



सिरहा । सिरहाको लहान नगरपालिका-२२ स्थित सिसवोनीका अनितादेवी सदायले एक दशकदेखि तरकारीखेती गरिरहनुभएको छ । पछिल्लो दुई वर्षदेखि भने उहाँ स्थानीय महिला समूहमा आबद्ध भई सामूहिक तरकारीखेतीमा जोडिनुभएको छ। खेती गर्न आफ्नो पर्याप्त जमिन नहुने र सामूहिक रूपमा बढी जग्गा भाडामा लिएर खेती गर्दा सस्तो पर्ने भएकाले आफू सामूहिक खेतीतर्फ आकर्षित भएको अनितादेवीले बताउनुभयो ।

"लामो समयदेखि तरकारीखेती गर्दै आएकी छु । व्यक्तिगत रूपमा खेती गर्नुभन्दा सामूहिक रूपमा भाडामा जग्गा लिएर खेती गर्दा बढी आम्दानी गर्न सकिने देखियो । त्यसैले अघिल्लो वर्षदेखि हामीले सामूहिक खेती गरेर बराबरी नाफा बाँड्ने गरेको छौँ", उहाँले भन्नुभयो ।

उहाँ मात्रै होइन यहाँका २७ जना दलित महिलाले करिब दुई बिघा जमिन भाडामा लिएर तरकारीखेती गरिरहेका छन् । 'सावोरी लघुउद्यमी महिला बचत समूह' गठन गरी तरकारीखेती गरिरहेका समूहकी सचिव गङ्गा सदायले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सामूहिक रूपमा काम गर्दा साथीसँग काम र रमाइलो गर्दै आम्दानी पनि लिन सजिलो हुन्छ। त्यसैले समूहमा आबद्ध २७ जनाले यो काम गरिरहेका छौँ।"

अर्का कृषक नन्दीलाल सदायले सामूहिक खेतीबाट उत्पादित तरकारीले आफूहरूलाई आत्मनिर्भर बन्दै निकै सघाउ पुगेको बताउनुभयो । यही समूहमार्फत तरकारीका साथै सामूहिक माछापालन पनि गरिएको छ । अघिल्लो वर्षमात्रै माछा बिक्रीबाट रु डेढ लाख आम्दानी गरिएको र छ क्विन्टल आलु उत्पादन गरी रु ७५ हजार खुद नाफा भएको नन्दीलालले बताउनुभयो । आलु, गोलभेँडा, काउली, भिङ्नी, बोडीलगायत तरकारी उत्पादन गर्ने गरिएको उहाँले जानकारी दिनुभयो ।

यहाँका गरिब तथा विपन्न दलित समुदायलाई तरकारी खेतीतर्फ आकर्षित गर्न लहानस्थित दलित जनकल्याण युवा क्लबले सहयोग गरी रहेको छ। किसानलाई खेतीसम्बन्धी तालिम, बीउबिजन, कृषिसामग्री, 'मल्चिङ' प्रविधि सहयोग गर्दै आएको क्लबका सामाजिक परिचालक सङ्गीता चौधरीले बताउनुभयो ।


उहाँले नगरपालिकासँग समन्वय गरी तरकारी खेतीको प्रभावकारिता, समस्या, तथा आइपर्ने चुनौती समाधानका उपाय पहिचान गर्न संस्थाले सहयोग गरिरहेको बताउनुभयो ।

वडा नं १२ का वडाध्यक्ष बद्री नारायण चौधरीले तरकारीखेतीले विपन्न दलित समुदायको जीवनस्तर नै बदलिएको र यसको दिगो व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

## सिरिसिया नदीको गुहार :

# वाचा र पर्वका बीच पर्साका मन्त्रीहरूको बेवास्ता

**आकाश चौहान**



सिरिसिया नदी, वीरगञ्जको महत्वपूर्ण जलमार्ग, यसको सांस्कृतिक, धार्मिक, र पारिस्थितिक महत्त्वको बाबजुद लगातार बेवास्ताको शिकार बनिरहेको छ। पर्साका प्रायः हिन्दू जनसंख्याले आमाको रूपमा आदर गर्ने यो नदी छठजस्ता प्रमुख चाडपर्वहरूको पवित्र स्थल हो। तथापि, अत्यधिक प्रदूषित अवस्थाले यसको पूजनीय स्थानलाई एकदम विपरीत परि दृश्यमा बदलिदिएको छ। स्थानीय नेताहरूले आफ्ना वाचा पूरा गर्न नसक्दा यहाँका बासिन्दाहरू वातावरणीय र स्वास्थ्य सम्बन्धी संकटसँग जुधिरहेका छन्।

**संकटमा एक पवित्र नदी**

सिरिसिया नदीले ठूलो ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको छ। प्रारम्भिक मानव बस्तीहरू प्रायः नदी किनारमा बसोबास गर्थे, र पर्सामा चाडपर्व तथा दैनन्दिन जीवन जलाशयहरू वरिपरि घुम्ने गरेको छ। हिन्दू समुदायका लागि नदीहरू दिव्यता, पवित्रता, र जीवननिर्वाहको प्रतीक हुन्। तर, सिरिसिया नदी - कुनै समय यस क्षेत्रको जीवनरेखा - अहिले उपेक्षाको प्रतीक बनिसकेको छ, जसमा औद्योगिक फोहोर, ढल, र कृषि रसायन मिसिएको छ।

छठजस्तो यस क्षेत्रको सबैभन्दा महत्त्वपूर्ण चाडपर्वको समयमा भक्तजनहरूले सूर्यको उपासना गर्न नदी किनारमा भेला हुन्छन्। यद्यपि, यी अनुष्ठानहरू दयनीय अवस्थाबीच सम्पन्न हुन्छन्, जसले प्रदूषित पानीका कारण सहभागीहरूलाई स्वास्थ्य जोखिममा पार्छ। प्रदूषित नदीमा पवित्रताको पूजा गर्ने विडम्बनाले समस्याको गम्भीरतालाई उजागर गर्दछ।

**राजनीतिक वाचा बनाम वास्तविकता**

पर्सा जिल्ला तीन केन्द्रीय मन्त्रीहरूद्वारा प्रतिनिधित्व गरिन्छस् जल आपूर्ति मन्त्री प्रदीप यादव, कानून, न्याय र संसदीय मामिला मन्त्री अजय चौरसिया, र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता। यी प्रत्येक नेतासँग नदीको समस्यालाई सम्बोधन गर्ने पर्याप्त अधिकार छ, तर उनीहरूको निष्क्रियता जारी छ।

**प्रदीप यादव : जल आपूर्ति मन्त्री**

जल आपूर्ति मन्त्रीका रूपमा प्रदीप यादवले नेपालभर सफा पानीको पहुँच सुनिश्चित गर्नुपर्ने जिम्मेवारी पाएका छन्। तर, मेलम्ची खानेपानी परियोजनाजस्ता योजनामा उनको ध्यान केन्द्रित हुँदा सिरिसिया नदीको बिग्रँदो अवस्थालाई सम्बोधन गर्ने ठाउँ बाँकी रहेको छैन। उनको गृह निर्वाचन क्षेत्रमा बासिन्दाहरू दूषित पानी पिउन बाध्य छन्, र किसानहरू अपुग सिँचाइ स्रोतसँग संघर्ष गर्दैछन्। सिरिसियाका मुद्दाहरूलाई बेवास्ता गर्नुले राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकताबीचको असमानतालाई उजागर गर्दछ।

**अजय चौरसिया : कानून, न्याय र संसदीय मामिला मन्त्री**

अजय चौरसियाको भूमिकाले उनीलाई प्रणालीगत मुद्दाहरू सम्बोधन गर्न उपकरण प्रदान गर्दछ, जसमा वातावरणीय क्षति पनि समावेश छ। तर, सिरिसिया नदीको संकटमा उनको मौनता चर्को छ। मतदाताहरूको बारम्बार अपिलका बाबजुद, प्रदूषणलाई समाधान गर्न कुनै विधायी उपाय प्रस्ताव गरिएको छैन। नीति पहलकदमीको अनुपस्थितिले उनको स्थानलाई समुदायको हितका लागि प्रयोग गर्न असफल भएको संकेत गर्दछ।

> पर्सा जिल्ला तीन केन्द्रीय मन्त्रीहरुद्वारा प्रतिनिधित्व गरिन्छस् जल आपूर्ति मन्त्री प्रदीप यादव, कानून, न्याय र संसदीय मामिला मन्त्री अजय चौरसिया, र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता। यी प्रत्येक नेतासँग नदीको समस्यालाई सम्बोधन गर्ने पर्याप्त अधिकार छ, तर उनीहरुको निष्क्रियता जारी छ।

**राजकुमार गुप्ता : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री**

राजकुमार गुप्ताले देशभरका प्रशासनिक कार्यहरू हेर्छन्, जसमा पर्सा जिल्ला पनि पर्छ। तर, उनले प्रमुख जिल्ला अधिकारी ९सीडीओ० वा औद्योगिक नियामकहरूलाई नदीको संकटलाई सम्बोधन गर्न जुटाउन असफल भएका छन्। उनको निष्क्रियताले जवाफदेहिता र दृष्टिकोणको अभावलाई उजागर गर्दछ, जसले सिरिसिया नदीको भविष्यलाई अनिश्चित बनाएको छ।

**पर्यावरणीय र स्वास्थ्य सम्बन्धी प्रभाव**

सिरिसिया नदीको प्रदूषणले सार्वजनिक स्वास्थ्य र वातावरणमा महत्त्वपूर्ण खतरा पुर्‍याउँछ। औद्योगिक फोहोर, प्रशोधित नभएको ढल, र कीटनाशक रसायनहरूले पानीलाई पिउन, नुहाउन, र कृषि प्रयोगका लागि असुरक्षित बनाएको छ। उचित फोहोर व्यवस्थापन प्रणालीहरूको अभावले समस्यालाई झन् बढाएको छ, नदीलाई प्रदूषणका लागि फोहोरको थुप्रो बनाउँदैछ।

नदीमा निर्भर बासिन्दाहरू जलजनित रोगहरूको उच्च जोखिममा परेका छन्, जसमा हैजा, झाडापखाला, र छालाका संक्रमणहरू समावेश छन्। सिँचाइका लागि नदीमा निर्भर किसानहरूले उत्पादनमा कमी र माटोको प्रदूषणसँग संघर्ष गर्नुपरेको छ। निष्क्रियताको दीर्घकालीन प्रभावहरूले नदी र यसको वरपरको प्राकृतिक वासस्थानको सम्पूर्ण पारिस्थितिक पतन समावेश गर्न सक्छ।

**नेपालको जल विवाद**

नेपाल विश्वका जल स्रोतका हिसाबले दोस्रो धनी देश हो, तर जल अभाव र प्रदूषण व्यापक समस्याहरू छन्। विश्व स्वास्थ्य संगठन ९डब्ल्यूएचओ० का अनुसार, २०२५ सम्ममा विश्व जनसंख्याको २५ प्रतिशतभन्दा बढीले सफा पिउने पानीको पहुँच गुमाउनेछ। अन्य देशहरूले यस आसन्न संकटलाई सम्बोधन गर्न कडा मेहनत गरिरहेका बेला नेपालले आफ्ना प्रचुर जल स्रोतहरूको दुर्व्यवस्थापनलाई उजागर गर्दैछ।

सिरिसिया नदीको अवस्था नेपालका व्यापक जल व्यवस्थापन चुनौतीहरूको सूक्ष्म रूप हो। नदीहरू र ताजा पानीका स्रोतहरूबाट भरिपूर्ण भए पनि खराब शासन, पूर्वाधारको अभाव, र राजनीतिक उपेक्षाले प्रभावकारी उपयोग र संरक्षण प्रयासहरू अवरुद्ध गरेका छन्।

**समाधानतर्फको बाटो**

सिरिसिया नदीको संकटलाई सम्बोधन गर्न सरकारको हस्तक्षेप, सामुदायिक सहभागिता, र औद्योगिक उत्तरदायित्व समावेश गर्ने बहुआयामिक दृष्टिकोण आवश्यक छ। परिवर्तनको बाटो खोल्न सक्ने केही कदमहरू यहाँ प्रस्तुत छन्स्

**सरकारी जवाफदेहिता :**

पर्साका मन्त्रीहरूले नदीको पुनर्स्थापना प्राथमिकता दिनुपर्छ र जलाशय सफा गर्न र मर्मत गर्न स्रोत आवंटन गर्नुपर्छ।प्रदूषणका लागि जिम्मेवार उद्योगहरू र व्यक्तिहरूलाई दण्डित गर्ने कानून निर्माण गर्नुपर्छ।

**सामुदायिक संलग्नता :**

जनचेतना अभियानले बासिन्दाहरूलाई नदी सफा राख्नको महत्त्वबारे शिक्षित गर्न सक्छ।प्रदूषणको अनुगमन गर्न र उल्लङ्घनहरू रिपोर्ट गर्न स्थानीय समुदायलाई सशक्त बनाउनुपर्छ।

**औद्योगिक नियमावली :**

उद्योगहरूले फोहोर व्यवस्थापन मापदण्ड पालना गर्न सुनिश्चित गर्न कडा नियमहरू र नियमित निरीक्षणहरू आवश्यक छ।वातावरणमैत्री अभ्यास अपनाउने व्यवसायलाई प्रोत्साहन प्रदान गर्न सकिन्छ।

**पूर्वाधार विकास :**

फोहोर प्रशोधन सुविधाहरूमा लगानीले प्रशोधित नभएको ढल नदीमा प्रवेश गर्ने मात्रालाई महत्वपूर्ण रूपमा कम गर्न सक्छ। वर्षाको पानी सङ्कलन र अन्य दिगो जल व्यवस्थापन अभ्यासहरूलाई प्रोत्साहित गर्नुपर्छ।

**धार्मिक र सांस्कृतिक एकता :**

नदीको सांस्कृतिक महत्त्वलाई उपयोग गरेर सामूहिक कार्यको प्रेरणा दिन सकिन्छ। धार्मिक नेताहरू र संस्थाहरूले नदीको संरक्षणको वकालत गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।

**कार्यको लागि आह्वान**

सिरिसिया नदीको गुहार अब चुपचाप सुन्न सकिँदैन। यो पर्साका जनतालाई आफ्नो सांस्कृतिक र वातावरणीय जिम्मेवारीलाई सम्मान गर्न आह्वान हो। मन्त्रीहरूका लागि, यो उनीहरूको निर्वाचन क्षेत्रको सबैभन्दा चुनौतीपूर्ण मुद्दालाई सम्बोधन गरेर साँचो नेतृत्व देखाउने अवसर हो।

सिरिसिया नदीको भविष्य केवल स्थानीय मुद्दा होइनस यसले नेपालको दिगो विकास र स्रोत व्यवस्थापनप्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। अहिले निर्णायक कदम उठाएर, हामी भविष्यका पुस्ताहरूलाई सफा, स्वस्थ नदी हस्तान्तरण गर्न सक्छौं, जसले वीरगञ्ज र त्यसपछिका जीवन र संस्कृतिलाई निरन्तर जीवित राख्न सक्छ ।

# समयमै भुक्तानी पाएपछि उखु किसानलाई राहत



महोत्तरी । चिनी उद्योगलाई बुझाएको उखुको एक साताभित्रै भुक्तानी पाएपछि महोत्तरीका उखु किसानलाई राहत मिलेको छ। जिल्लाको गौशाला-१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजले किसानलाई उखु तौलिएको एक साताभित्रै भुक्तानीको नीति नै बनाएपछि किसानलाई समयमै रकम पाउँदा राहत मिलेको हो ।

यसपालिको सिजनलाई सरकारले तोकेको मूल्यमा किसानले मन कुड्याएका छन् । गत वर्षको मूल्यमा १५ प्रतिशत वृद्धि गरिनुपर्ने किसानको माग भए पनि सरकारले भने प्रतिक्विन्टल रू २० वृद्धि गरेको छ । आफ्नो उत्पादनले उचित मूल्य नपाएको गुनासो पोख्ने किसानले भुक्तानी भने उद्योगले तौल भएको एक साताभित्रै गरिदिँदा राहत महसुस गरेका हुन् । यसपालि उखुको मूल्य रू पाँच सय ८५ प्रतिक्विन्टल तोकिएको छ। गत वर्ष यो मूल्य रू पाँच सय ६५ प्रतिक्विन्टल थियो। यसबाहेक सरकारले प्रतिक्विन्टल रू ७० अनुदानवापत दिनेछ । यो अनुदान रकम भने सरकारले दसैं, तिहार पर्वका बेला पारेर दिँदै आएको छ।

गत मङ्सिर २६ गतेदेखि उखु क्रसिङ थालेको चिनी मिलले यसबीचमा तीनपटक भुक्तानी दिइसकेको छ । "मूल्यमा त हामी थिचिएकै हौँ, तर भुक्तानी भने उद्योगले निकै सजिलो बनाएको छ, उखु तौल भएको सात दिन नकट्दै हाम्रै खातामा रकम आइसक्छ", भङ्गाहा-४ का किसान अरूण गिरी भन्नुहुन्छ, "पछिल्ला दुई वर्षयता सहज हुँदै गएको भुक्तानी प्रक्रियाले नै उखुखेतीमा जाँगर जोडेको छ ।" त्यसअघि उखु तौल भएको वर्ष दिनसम्म भुक्तानी नपाएर रूँदै हिँड्नुपरेको दुःख अहिलेको सहज भुक्तानीले बिर्साइदिएको किसान बताउँछन् ।

उद्योगले यसपालि क्रसिङ थालेको तीन साताभित्र नै तीनपटक भुक्तानी दिइसकेको छभने चौथोपटकको भुक्तानी दिने तयारी गरेको छ । "पुस १० गतेसम्म तौल भएको उखुको भुक्तानी भइसकेको छ, अब हामी पुस १५ सम्म भएको तौलको भुक्तानी तयारी गर्दैछौँ", उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला भन्नुहुन्छ, "सामान्यतः तौल भएको पाँच-पाँच दिनमा भुक्तानी गर्ने नीति बनाइएको छ ।" चौथोपटकको भुक्तानी भोलिसम्म गरिने उहाँको भनाइ छ। उद्योगले पुस १० सम्म तौल भएको उखुको जम्मा रू २५ करोड छ लाख १३ हजार नौ सय ८६ भुक्तानी गरिसकेको छ।

उखु उत्पादक किसानका प्रतिनिधि संस्थाले मूल्यमा आफूहरूको माग सरकारले नसुनेको गुनासो गर्दै आएका छन् । "हामीले गत वर्षको मूल्यमा १५ प्रतिशत वृद्धिको माग गरेका थियौँ, तर सरकारले प्रतिक्विन्टल रू २० थपेर झारा टारेको छ", उखु उत्पादक कृषक सङ्घका अध्यक्ष नरेशसिंह कुशवाहा भन्नुहुन्छ, "यसमा सरकारले पुनर्विचार गर्नुपर्छ ।"

आर्थिक वर्ष २०८१/८२ मा एभरेष्ट चिनी उद्योगले ३५ लाख उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ । यो गत वर्षभन्दा छ लाख क्विन्टल बढी हो । यसपालि उखुको क्षेत्रफल र उत्पादन दुवै बढेको छ।

दुई दशकअघि जिल्लामा १५ हजार बिघामाथि पुगेको उखुखेती भुक्तानी झमेलाले घट्दै गएर तीन वर्षअघि पाँच हजार बिघामा झरेको थियो । उद्योगले भुक्तानी सहज बनाउँदै लगेपछि किसानले फेरि उखुखेती बढाउँदै लगेका छन् । यसपालि नौ हजार बिघामा उखुखेती गरिएको छ। आउने वर्षका लागि माघसम्मै उखु रोपिने हुँदा खेती अझै केही बढ्नेछ ।रासस

# वन कार्यालयले सिफारिस रोक्दा नदीजन्य पदार्थ उत्खनन रोकियो, राजस्व सङ्कलनमा घट्यो

सिरहा । डिभिजन वन कार्यालयले लहान नगरपालिका भएर बग्ने बलान, सर्रे र खुट्टी खोलामा नदीजन्य पदार्थ उत्खननका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्न प्रदेश वन तथा वातावरण मन्त्रालयसमक्ष सिफारिस नगर्दा चार महिनादेखि उत्खनन रोकिएको छ ।

नदीजन्य पदार्थका लागि ठेक्का नलाग्दा नगरपालिकाको राजस्व सङ्कलन घटेको छ भने विभिन्न विकास-निर्माण परियोजना प्रभावित भएका छन् ।

वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिका लागि नगरपालिकाले सबै प्रक्रिया पुर्‍याएर वन कार्यालयले मन्त्रालयसमक्ष सिफारिस नगर्दा समस्या भएको लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले गुनासो गर्नुभयो । "हामीले वन कार्यालयलाई यो महिनामा



चारवटा पत्र लेखिसक्यौँ तर वन अधिकृतले सिफारिस गर्नुभएको छैन", उहाँले भन्नुभयो । वातावरण संरक्षण नियमावली, २०७७ को दफा ९ को उपदफा (४) को 'सम्बन्धित निकायले वातावरणीय अध्ययन प्रतिवेदनको सरोकारवाला अन्य सरकारी निकायसँग आवश्यक राय सुझाव लिन सक्नेछ' भन्ने व्यवस्था अनुसार वन कार्यालयले मन्त्रालयलाई सिफारिस नदिएर काम रोकिएको प्रमुख झाको आरोप छ ।

डिभिजन वन कार्यालयका प्रमुख शैलेन्द्रकुमार मिश्रले मन्त्रालयसमक्ष सिफारिस गर्न नगरपालिकाबाट प्राप्त निवेदन अध्ययन भइरहेको बताउनुभयो । "नदीजन्य पदार्थ उत्खननको जिम्मेवारी स्थानीय तहको हो । हामीले मन्त्रालयलाई नगरपालिकाको प्रस्ताव ठीक छ वा छैन समीक्षा गरेर सिफारिस दिने हो ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। मधेशको शान धोती ।।

मिथिलाको शान हुन् धोती
राजा जनकजीको सम्मान हुन् धोती
सीताजीको सङ्घर्ष हुन् धोती
काठ्माण्डौं शहरको शान हुन् धोती
मिथिलाको शान हुन् धोती।(१)
धोती आफैमा खास हुन् धोती
धार्मिक इतिहास बोकेका हुन् धोती
धनुषको रुपमा शिवजीको आशिर्वाद पाएका हुन् धोती
रामजीको पनि ससुराली हो धोती
भगवानलाई पनि गाली गर्ने हामी हौँ धोती
मिथिलाको स्वभिमान हो धोती।(२)
नेपालको ज्ञान हुन् धोती
गणित-विज्ञानको ज्ञान दिलाउने शिक्षक महान् हुन् धोती
संस्कृत शिक्षाको मूल हुन् धोती
नव नर्षमा फुल्ने फूल हुन् धोती।(३)
धार्मिक स्थलको थलो हुन् धोती
विवाहपञ्चमीको उत्सव हुन् धोती
त्रिवेणीको संगम हुन् धोती
गढी मेलाको भीड हुन् धोती
आदर्श बोकेकी विदेही हुन् धोती
मिथिलाको संस्कृति हुन् धोती।(४)
राष्ट्रको निर्माता हुन् धोती
प्रजातन्त्रको लागि प्राणको आहुति दिने हुन् धोती
हकका लागि लड्ने हुन् धोती
अधिकार दिलाउने हुन् धोती
सिमा अतिक्रमणबाट बचाउने हुन् धोती।(५)
धोती यतिकै लामा....हैनन् धोती
धोती आफैमा शान हुन् धोती
धोती यतिका भनिएका होइनौं धोती
शत्रुलाई पनि उच्च सम्मान दिने हामी धोती
अपराधीलाई पनि क्षमा गर्ने हामी धोती।(६)
नेपालको गौरव गाथा हुन् धोती
प्रथम राष्ट्र विभूति हुन् धोती
पहिलो राष्ट्रपति हुन् धोती
वर्तमान उपराष्ट्रपति हुन् धोती
पहिलो एन.पि.एल जित्ने हामी हौँ धोती।(७)
मलाई स्वभिमान छ,गौरव छ गुमान छ हुनुमा धोती
मिथिलाको शान हो धोती
मिथिलाको शान हो धोती।(८)
आत्माले त स्वीकारेका छौ धोती
जबर्जस्ती किन नकारेका छौ धोती
छोरी,बुहारीले लगाउने बाह्र हाते पटुका हुन् धोती
छोराले सोह्र श्राद्धमा लगाउने वस्त्र हुन् धोती
त्यसर्थः यतिकै नहेप मलाई भनेर धोती धोती
किनकी राष्ट्र विकासको आधार हुँ म धोती।(९)
मिथिला-मधेशको पहिचान हो धोती
समुच्चा नेपालको स्वभिमान र शान हो धोती।(१०)



**नाम:पिंकी कुमारी दास(शिक्षिका)**
**श्री रामनारायण अयोध्या मा.वि पिपरा**

## ।। रंगीन झण्डा तर नियत कालो ।।

रंगीन झण्डा उचाल्नेहरू, सपनाहरू बेच्न माहिर छन्,
सडकमा लड्ने जनताका आशाहरू, फेरि पनि कैद छन्।
स्वतन्त्रताको गीत गाएर, उनीहरूले सत्ता सजाउँछन्,
तर कालो नियतिको जरा, अझै पनि गहिरो बिझाउँछ।
तर यो माटो हाम्रो हो, यो आकाश हाम्रो हो,
रगतले लेखिएको इतिहास, फेरि बलिदान दिन तयार छ।
हामीले देखेको उज्यालो, केवल भ्रम होइन,
यो देशका सपना बेच्नेलाई, अब सहनु असम्भव छ।
राजनीतिका दलालहरू, झण्डाको छायामा लुकेका,
कति हो जनता लुट्ने खेल, कति अझ चल्ने छ?
तर अब यो माटो जागेको छ, यो आकाश बोल्छ,
क्रान्तिको रापले अब, झण्डाको रङ फेरिन्छ।
भोकभोकै जनता, श्रमिकका पसिना बगेका,
यो खाले व्यवस्थाले हाम्रो सपना कहिलेसम्म हराउँछ?
तर जनता जागिरहेका छन्, यो विद्रोह गहिरिँदैछ,
रंगीन झण्डा भत्काएर, कालो नियति टुट्दैछ।
हामी क्रान्तिका सन्तान, शोषणका विरोधी,
अधिकारका योद्धा, परिवर्तनका प्रणेता।
नेताका महल भत्काएर, हामी बनाउँछौँ आफ्नै देश,
जहाँ झण्डा रंगीन होस्, तर नियति पनि स्वच्छ।
उज्यालो भोलिको यो झण्डा, अब सच्चा हुनेछ,
जनताको रगतले धोएर, यसको हर रङ फेरिनेछ।
यो क्रान्ति रोकिँदैन, अब झुक्दैन यो संघर्ष,
रंगीन झण्डा हाम्रो हुनेछ, कालो नियति सदाको लागि अन्त्य हुनेछ।



**कवि: राम पुकार महतो(बिद्रोही)**
**बर्दिबास महोतरी**

## गजल : जीत ठानेको छू

धेरे चोटी हारेरे बाँचे, जीत ठानेको छू।
संघर्ष नै जिन्दगीको मित ठानेको छु
छेपारा झै रङ्ग फेरने आफन्तको चाला
जति जालमा पारेपनि हित ठानेको छु
फेरिदैछ संस्कृति र पहिचान नेपालीको
चरीले गाउँने मात्र गीत ठानेको छु।
घाम,छायाँ इ हुट्टा छुट्टै हुनु पर्ने रैछ
,हास्ने श्रृष्टिको रित ठा'नेको छु।



**सरोज पटेल गौर, रौतहट**

## ।। कमरेड ।।

घर छोडलौ,
परिवार छोडलौँ
प्रितमाके प्रेम
हित,मीत,कर-कुटुम्भ
ओतबे कहाँ
माएके स्नेह बाबुके दुलार
भाइ,बहिनके,पियार
सब छोडलौँ,
देशक विकास लेल
राष्ट्रिय के नव निर्माण लेल
उठैने छलौँ, बन्दुक
कतेक निर्दोष मारने छलौँ
तऽ
कतेक नारीके सोहाग छीन्ने छलौँ
तऽ कतेक निर्दोष बच्चाके
अनाथ केलौँ
ओतबे नही
जनविद्रोह के सुरवात
क्रान्तिकारी लाल सलामके
नारा'स
स्कुल,कलेज, बैंक,पुलिस थना
तऽ कतेक निर्दोष जन्ताके घर
बम'स धोस्त केने छलौँ
कोशी,कमला,कर्णाली
सन पवित्र पावन पानीके
शहिदक खुन'स रंङ्गने छलौँ
मुदा
आइ अहाँ'क देखैछी
सता,भता'क लोभमे
कराबैत देशमे गुन्डागर्दी
भ्रष्टाचारी,
आ
करबैत ठाम,ठाम पर चक्काजाम
तहन नयन'स झहर लगैए
नोर
आ याद आब लगैए
बितल्हाँ पल उ दिन
भुखल पेट जंगल,झारीमे
चौरी,चाचरमे
चोर,चाहिँ नुकाएत
छलौँ
तऽ ककरो घरमे जबर्जस्ती
भात खाइ छलौँ
अपना लेल नहि
देशक विकास लेल
मुदा
देखैछी शहिदक परिवार
गरीब किसानके दुःख
युवाके बेरोजगारी
तऽ नयन'स झहर लगैए
साउन,भादोके बारीस
जाही नोर,
आ सोच लगैछी
की
किए नै
लिख सकलौँ
अहाँ सन देशद्रोही'क
नाम ओइ
बन्दुक'क गोली पर
कमरेड



**उदगार यादब**
**मिथिला विहारी नगरपालिका**
**सिरसिया-६**

## ।। राजनीति ।।

राजनीति जनतालाई दिने सेवा हो
राजनीति आफुलाई हुने व्यावसाय भयो
जनप्रतिनिधि र जनताको मिलन हुने ठाउँ
जनप्रतिनिधि र जनताको बीच बिछोड भयो
पार्टी वा संगठन सकृय हुने ठाउँ
पार्टी वा संगठन निस्कृय भयो
व्यक्ति व्यक्ति बीच विश्वास हुनुपर्ने
व्यक्ति व्यक्ति बीच अविश्वास हुनु पुग्यो
निर्वाचन निष्पक्ष हुनुपर्ने
निर्वाचनमा हस्तक्षेप हुन थाल्यो
पार्टीमा अविश्वास हुन थाल्यो
स्वतन्त्र उम्मेदवारको खोजी हुन थाल्यो
घोषणापत्र बनाएर चुनावमा जानुपर्ने
पैसाको बाकस लिएर चुनावमा जानुपर्छ
इमानदार व्यक्तिहरु पछाडि पर्छन्
चाकडी चाप्लुसी गर्ने व्यक्तिहरु अगाडि पर्छन्
जनताले खोजेको हुन्छ विकास
जनप्रतिनिधिले गर्छन् आफ्नो विकास
चुनावी सभामा दिन्छन् ठुलो भाषण
चुनाव जिते पछि गर्छन् जनता माथि शासन
समाजमा व्यक्ति व्यक्तिमा हुन थाल्यो अविश्वास
जनप्रतिनिधिले गर्ने थाले जनताबाट आस



**नाम: ऋषिकेश याढव**
**ठेगाना : जनकपुर**

## ।। र फेरि संघर्ष शुरू हुन्छ ।।

रात आउँछ।
सँगै "सपना"को याद लिएर आउँछ।
मन बेचैन हुन्छ।
र डर लाग्न थाल्छ।
सोच्न थाल्छु।
"सफलता" को बारेमा
अनि "संघर्ष" को आलोचना गर्न थाल्छु।
म मेरा संघर्षहरुको आलोचना गरिसके पछाडि।
आत्मालोचना गर्छु।
र नतिजा आउँछ।
यदि यो मेरो परिक्षा हो भने
मैले विश्वविद्यालय प्रथम गरेको
फेरि, बिस्तारै म सोंचमा डुब्न थाल्छु।
यसपटक मसँग बहस गर्नलाई
कोही मेरो विपक्षमा उभिएको महसुस गर्छु।
र बहस शुरु हुन्छ "मेरो भाग्य" शिर्षक माथि
डरले काम्दै गरेको मेरो मुटु
र थरथर गरिरहेका मेरा यी पाइलाहरुले पनि
हरेक क्षण मसँग अनेकौं प्रश्नहरु गरिरहेका हुन्छन्।
म सबै प्रश्नहरुको उत्तर दिन चाहन्छु।
तर खै किन ?
म फेरि असमर्थ हुन्छु।
रातैभरी आफुसँगै चल्दै गरेको
बहसको नतिजा आउँछ।
र फेरि अझै एउटा नयाँ प्रश्न थपिन्छ।
प्रश्न यस्तो हुन्छ।
"सफलता नजिकै पुगेर म फेरि असफल हुन्छु कि ?"
फेरि मन डराउन थाल्छ।
खुट्टा डगमगाउन थाल्छ।
तर अनेकौं प्रयास पश्चात्
म मेरा यि पाइलाहरुलाई
फकाई-फुलाई फेरि स्थिर गर्छु।
रात बित्छ।
सुर्य उदाउंछ।
"र फेरि संघर्ष शुरु हुन्छ।"



**मोहन महतो कोइरी**
**गौशाला , महोत्तरी**

## ।। असफल म प्रेममा ।।

तिमी मेरो सम्झनामा , तिमी मेरो कवितामा,
तिमी बिना शून्य म, तिमी संग भगवान जस्तै गहिरो रिश्तामा म।
जसरी आकाशबाट तारा झर्छ,
त्यसरी नै मेरो प्रेम झर्छ तिम्रो मायामा।
तर, अब तिम्रो बाटो फरक भइसक्यो,
मायाको यो कथा अधुरो भइ सकियो।
तिमीले नयाँ संसार बसायौ,
तर मेरो मुटुमा तिमीले धेरै गहिरो याद छोड्यौ।
तिमी खुसी हौ भने, मेरो आँसु सही हुनेछ,
तर यो मनबात तिम्रो माया कहिले पनि जाने छैन।
म कविता लेखेर तिमीलाई बिर्सने गर्छु,
तर शब्दमा तिमी सधैं जिन्दगी बनेर बस्छौ।
यो साल परिवर्तनको साथ,
म ती यादहरूलाई भुल्ने प्रयास गर्नेछु।
सही कुरा कसैले भनेको छ ,
डिसेम्बर मा बिछोड भएको व्यक्ति कहिलै मिल्दैन।
तिमी जहाँ रह्यौ, सुखी रहनु,
तिम्रो माया शब्दमा बाँधेर म तिमीलाई सोच्नेछु।
यो अधुरो प्रेम, अधुरो कथा,
तर मेरो लागि तिमी नै सधैं रहन्छौ, एउटा मीठो सपना।



**लेखक: गुड्डु सिंह कुशवाहा**
**कक्षा: १२, मोडेल मल्टिपल कलेज**
**ठेगाना: औरही न.पा.-०५, भवानीगञ्ज**

## ।। मन कुछ कहैय ।।

मन फेरो आई डोलैय , किछ लिखु मन कहैय
यै मैथिल के माटीस , सुगन्ध बहुत अबैय
बितल बात मनमे गरैय , ऊ दिन राइत मन परैय
गाउँ के बचपन सोचैछी त , आईख स लोर भि झरैय
किछ बोलु मन करैय , दिल खोलु मन करैय
ऊ गाउँ घर के याद , मन मे काटी सन चुबैय
पुरानक दिन मन परैय , नयाँ दिनस मन डरैय
खुसी छेलौ जहिया, से बचपन मन परैय
कोइली के बोली मन परैय, पुरानक शैली मन परैय
यी आधुनिक चाल स , अपन संस्कृति आब हराय
किछ कहु मन करैय , किछ सुनु मन करैय
यी मिथिलाक पावन धर्तीमे , सब दिन रहु मन करैय
किछ बोलु मन करैय, आइख खोलु मन करैय
आपन मान , पान, ओर सान क , पाग म बेरु मन करैय
किछ छोरु मन करैय , किछ पक्रु मन करैय
यी मिथिलाक संस्कृति, आउर काहा कतौ भैटैय।



**नाम : नविन कुमार यादव**
**(सामान्य चिकित्सा दोस्रो बर्ष)**
**मिथिला टेक्निकल ऐकेडेमी**
**ठेगाना: सुखिपुर नगरपालिका ०७ सिरहा (नेपाल)**
**हाल ठेगाना : जनकपुरधाम क्याम्पस चौक**

## ।। गरिबीको गाथा ।।

छानो टाल्न नसकेको झुपडीको कथा,
पसलमा उधारो चल्दै दिनको व्यथा।
आकाश हेर्छु, तारा खोज्छु उज्यालो,
तर माटोमै हराउँछ मेरो सपनाको चालो।
खाली थाल, भोको पेट, आँसुले भरिएको मन,
पछाडिबाट धकेल्छ जिन्दगीको समय घन।
काम त गर्छु दिनरात, पसिनाको मुल्य छैन,
तर खल्ती सधैं खाली, जिन्दगी रमाइलो छैन।
छोराछोरीले सोध्छन्, "बाबा, कहिले राम्रो दिन?",
म मौन हुन्छु, आँसु पोख्छु, कतै छैन उत्तर छिन।
श्रमको पूजा गर्दा पनि, सुखको दर्शन कहाँ?
गरिबीको कालो छायाले, बाँधेको जीवन यहाँ।
तर पनि आशा मर्दैन, सपनाहरू जल्दैन,
जिन्दगीको यो गोरेटो, सधैं अँध्यारो हुदैन।
एक दिन यो माटोबाट, उचालिन्छ मेरो घमण्ड,
गरिबीलाई जित्ने छु, राख्दै मनमा प्रण।



**नाम:- सरजीत याढव**
**कक्षा:- १२ मोडल केम्पस जनकपुरधाम-०४**
**सोनुखरा-०१ महोत्तरी**

## // नयाँ साल //

नयाँ सालमा साल त बद्लियो
तर समय बद्लिएन।
नयाँ सालको शुभकामना त सबैले दियो
तर समय फेरिएन।
बित्दै गएको वर्षमा नयाँ सपना त देखियो
तर सपना साकार भएन।
तर पनि नयाँ उमंगले रमाउदै छु।
नयाँ जोसको साथ अगाडि बढदै छु।
बितेको वर्षले धेरै कुरा सिकाएको छ।
स्वाभिमानी भएर मेहनत गर्दै जा ,
सफलता अवस्य पाउने छस।
त्यही पुरानो सफलतामा रमाउदै छु।
त्यही उमंग र जोसले अगाडि बढदै छु।
वर्ष बद्लिए पनि मेहनत जारी छ।
जिम्मेवारी ठूलो भए पनि ,
सफलताको शिखर छुनुको वर्षौं देखिको तयारी छ।



**लेखक : अंकित पाठक**
**सहिद नगर न. पा. वडा नं. ०१ , टोल : बेमरखि**

## ।। सुन काठको मान्छे ।।

सुन काठको मान्छे जस्तो किन यो मन,
जसले नबुझ्यो कहिल्यै अरूको दुःखको छन।
हास्न खोज्दा पनि आँसुले रोक्छ गला,
मुटुको भारीले थिच्छ जिन्दगीको पला।
हावा जस्तै छौं, तर सासलाई थाहा छ,
हर सपना अधुरो, तर आशाले बाँध छ।
चाहना बुनौं, तर भत्किन्छ बारम्बार,
किन जिन्दगीले लेख्छ पीडाको विचार?
फूलको माया कसैले किन बुझेन,
थोरै त सम्झ, समयले किन सुनेन।
हाम्रो आफ्नै कथा, तर बेवारिसे आवाज,
तिमी पनि रोओ, नबनो निर्दयी सन्देश।
जसले हारेको छ, उसको पनि संसार छ,
सपनाको बगैंचामा प्रेमको स्पर्श छ।
सुन काठको मान्छे, तिमी अझै फेरी बाँच,
दुनियाँ त कठोर छ, तिमी नराख घात।



**दिलीप कुमार दास**
**धनुषाधाम-४ लक्ष्मीपुर**

## ।। जवानी खाडीमे बिता रहल छी ।।

जत तत लुटा रहल छी
दु छाक लेल जुटा रहल छी
बड बड बेलना बेल परै छै
ई जिन्दगी मे
पैसा खातिर अपन जीवन
खाडी देशमे बिता रहल छी
आई काल्हि लोक पैसा सँ
कर कुटुम दोस्त महिम
सथी भाई बनै छै
ई सभक इछ्छा लेल
अपने पिसा रहल छी
अपन रिस्ता आन भेलै
आनक रिस्ता अपन
कि करु हौ बाबू भाई
घर मे होइ छै घर मथन
जत तत लुटा रहल छी
दु छाक लेल जुटा रहल छी
भरल जबानी बर्षौ सँ
खाडी देशमे बिता रहल छी



**धनेश्वर ठाकुर**
**धनुषाधाम ४ लक्ष्मीपुर, हाल सात समुद्र पार दोहा कतार**

# सुशासनका पक्षमा सबै एकताबद्ध हुन जरुरी छ : अध्यक्ष दाहाल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय एकताको भावनालाई केन्द्रबिन्दुमा राखेर सुशासनका पक्षमा सबै एकताबद्ध हुन जरुरी रहेको बताउनुभएको छ।

यहाँ शुक्रबार आयोजित नेपाल पत्रकार महासङ्घ काठमाडौँ शाखाको नवनिर्वाचित कार्यसमितिको पद हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "अहिलेको युग सूचनाको युग हो। प्रविधिको विकासले यस क्षेत्रमा धेरै अवसर र चुनौती ल्याएको छ, त्यसतर्फ सञ्चारकर्मी सचेत हुन जरुरी छ।" अहिलेको युग सूचनाको युग भएकाले यसले ल्याएका अवसर र चुनौतीसँग सामना गर्ने कुरा सजिलो नभएको उहाँको भनाइ थियो।

निष्पक्ष पत्रकारिताका लागि खबरदारी गर्न अध्यक्ष दाहालले महासङ्घलाई आग्रह गर्नुभयो । भ्रष्टाचारका विषयमा एकअर्कालाई दोषारोपण गर्नुभन्दा निष्पक्षरुपमा छानविन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "इमानदारीताका साथ अनुसन्धान गर्नु जरुरी छ", उहाँले भन्नुभयो।

नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले भ्रष्टाचार छानविन गर्न पूर्वप्रधानन्यायाधिशको संयोजकत्वमा शक्तिशाली समिति बनाउन आग्रह गर्नुभयो। "एउटाले अर्कोलाई दोष लगाउने काम राम्रो होइन। एउटा निश्चित मापदण्ड र निश्चित मानक बनाएर भ्रष्टाचार छानविनमा जोड दिनुपर्छ", उहाँले भन्नुभयो।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता एवं संसदीय दलका मुख्य सचेतक महेशकुमार बर्तौलाले राजनीतिक नेतृत्वले समाजमा जहिले पनि सकारात्मक सन्देश सम्प्रेषण गर्नुपर्ने बताउनुभयो।

"हामी भुइँपुस्ताका युवाहरुको एउटै आग्रह छ, राजनीतिक नेतृत्वले समाजमा जहिले पनि सकारात्मक सन्देशको सम्प्रेषण गर्नैपर्छ। त्यो सञ्चार गर्ने मुख्य सूचनाको स्रोत भनेको राजनीतिक नेतृत्व गर्ने राजनीतिक दलहरु पनि हो। त्यो ठाउँबाट हामीले ठीक ढङ्गको सन्देश सम्प्रेषण गर्ने प्रक्रिया आरम्भ गर्नुपर्छ", उहाँले भन्नुभयो।रासस

# विश्वविद्यालयको संरक्षक परिषद् समावेशी बनाउन सांसदको सुझाव

**राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिमा तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि दफावार छलफलमा सहभागी सांसदहरुले संरक्षक परिषद् गठन गर्दा महिलासँगै मधेसी, दलित र अपाङ्गलगायत समूहका सदस्य राख्नुपर्नेमा जोड दिनुभएको हो ।**

काठमाण्डु । सांसदहरुले प्रस्तावित तिलगङ्गा नेत्र विश्वविद्यालयको संरक्षक परिषद् समावेशी बनाउन सुझाव दिनुभएको छ । राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिमा तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि दफावार छलफलमा सहभागी सांसदहरुले संरक्षक परिषद् गठन गर्दा महिलासँगै मधेसी, दलित र अपाङ्गलगायत समूहका सदस्य राख्नुपर्नेमा जोड दिनुभएको हो।

संशोधनकर्ता डा बेदुराम भुसालले विश्वविद्यालयको प्रस्तावित संरक्षक परिषद् गठनमा समावेशिताको सिद्धान्त अवलम्बन गर्नुपर्ने राय राख्नुभयो। उहाँले विश्वविद्यालयको उपाध्यक्षलाई सदस्य बनाउन नहुने सुझाव प्रस्तुत गर्नुभयो।

समिति सदस्य सुरेशकुमार आलेमगरले पनि परिषद्लाई समावेशी बनाउन सुझाव दिनुभयो। विधेयकमाथि सुझाव राख्दै भन्नुभयो, "समावेशी खै त ? परिषद् संरक्षकमा दुई जना महिला सदस्य राख्दैनमा समावेशिता हुँदैन !"संशोधनकर्ता विष्णुबहादुर विश्वकर्माले परिषद् गठन गर्दा दलितलाई समेट्नुपर्नेमा जोड दिनुभयो। संशोधनकर्ता डा अञ्जान शाक्यले परिषद्मा गैरप्राज्ञिक व्यक्ति अध्यक्ष बन्न नहुने धारणा राख्नुभयो।

समिति सभापति तुलसाकुमारी दाहालले सहभागितामूलक बनाउन सरोकारवाला (तिलगङ्गा प्रतिष्ठान) सहमत भएको सदस्यहरुलाई जानकारी गराउनुभयो । उहाँले त्यसैका लागि



परिषद्मा १५ बाट १७ सङ्ख्या पुऱ्याउन सहमति जुटाउन सहज भएको बताउनुभयो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा दीपक काफ्लेले आर्थिक प्रभावमा अध्यक्ष बन्ने सम्भावना रोक्नका लागि विधेयकले व्यवस्था गरेको समितिलाई जानकारी दिनुभयो।

संरक्षक परिषद्मा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सहसचिव, चिकित्सा शिक्षा आयोगको निर्देशक, विश्वविद्यालयको प्राज्ञिक मामिला हेर्ने उपाध्यक्ष सदस्य र विश्वविद्यालयको व्यवस्थापन मामिला हेर्ने उपाध्यक्ष सदस्य सचिवका रुपमा रहने व्यवस्था छ। यस्तै मान्यता प्राप्त विश्वविद्यालयबाट नेत्र चिकित्सा विधामा स्नातकोत्तर उपाधि प्राप्त र नेत्र रोग विशेषज्ञका रुपमा कम्तीमा १५ वर्षको कार्य अनुभव भएको व्यक्तिबाट कम्तीमा एक जना महिलासहित दुई जना सदस्य हुने व्यवस्था छ । साथै आँखा स्वास्थ्य क्षेत्रमा कार्यरत विज्ञमध्येबाट एक जना र विश्वविद्यालयलाई सहयोग उपलब्ध गराउने दातामध्येबाट एक जना सदस्य हुने प्रस्ताव गरिएको छ।

**'विधेयकको नाम नेत्र हैन आँखा राखौं'**


छलफलका क्रममा सांसदहरुले कानुन बनाउँदा सर्वसाधारणले बुझ्ने बोलीचालीको शब्दको प्रयोग गर्नसमेत सुझाव दिनुभयो । उहाँहरुले प्रस्तावित विधेयकका नाममा नेत्रको सट्टा आँखा राख्न उपयुक्त हुने राय प्रस्तुत गर्नुभयो।

समिति सदस्य जयन्ती देवी राईले दैनिक जीवनयापनमा बोल्दा र लेख्दा प्रयोग हुने शब्द फरक-फरक हुने भन्दै आँखा शब्द राख्न सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "ठेट नेपाली भाषा राख्ने हो भने आँखा शब्द प्रयोग राम्रो हुन्छ।" संशोधनकर्ता पदमबहादुर परियारले विधेयकका नाममा नेत्र लेखिएको र यसभित्र परिभाषादेखि व्याख्या गर्ने क्रममा आँखा उल्लेख गरिएको भन्दै त्यसमा सामाञ्जस्यता मिलाउन सुझाव दिनुभयो। यद्यपि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले प्रस्तावित नाममा नेत्र नै राख्नु उपयुक्त हुने बताउनुभयो।

"विधेयकमा कहीँ आँखा कहीँ नेत्र उल्लेख छ। दुवै शब्दले उही अर्थ बुझिन्छ। 'आई' र 'ओप्थाल्मिकलोजी' पनि भन्छौँ, लेखाइ र बोलाइमा पनि फरक हुन्छ। यसलाई नेत्र नै राखौँ", मन्त्री भट्टराईले भन्नुभयो।आँखा स्वास्थ्यका क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रका रुपमा विश्वविद्यालयको स्थापना गर्ने उदेश्यले विधेयकमाथि छलफल भइरहेको छ। यस विधेयकमा यसअघि सरोकारवालासँग छलफल गरेको थियो। आजको बैठकले उक्त विधेयकको दफा १० सम्म दफावार छलफल गरेको छ।रासस

# वरिष्ठ उपाध्यक्ष पोखरेलद्वारा लिखित संस्मरणात्मक कृति विमोचन

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले साहित्य लेखनमार्फत सर्जकले आफ्ना सृजना देश र जनताका लागि खर्चनुपर्ने बताउनुभएको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलद्वारा लिखित 'आमा, सपना र ताराहरू' संस्मरणात्मक कृतिको शुक्रबार विमोचन गर्दै उहाँले साहित्य लेखनलाई राजनीति, आर्थिक र सामाजिक परिवर्तनसँग जोडेर लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो।



पूर्वराष्ट्रपति भण्डारीले भन्नुभयो, "सर्जक पोखरेलले विभिन्न पत्रपत्रिकामा सैद्धान्तिक, वैचारिक लेख तथा साहित्य संस्मरणमार्फत मुलुकको राजनीतिक परिवर्तन, पार्टी एकता, सङ्गठन सुदृढीकरण र वैचारिक धार प्रवल बनाउन महत्त्वपूर्ण योगदान दिनुभएको छ।"

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पूर्वराष्ट्रपतिहरूलाई बाँकी जीवन राजनीतिमा पुनरागमन गर्नुभन्दा सामाजिक परिवर्तनको नेतृत्व गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "गरिबी र पतीवियोगमा रहनुभएकी आफ्नी आमाको प्रेरणाबाट पोखरेल राजनीति क्षेत्रमा अहिलेको अवस्थामा आइपुग्नुभएको हो। उहाँकी आमाले त्यसबेला पनि छोरा ईश्वरको अन्तरजातीय विवाहलाई सहजै स्वीकार्नुभयो। उहाँमा मुखले बोलेर कसैलाई चित्त दुखाउन हुन्न भन्ने भावना थियो।"

नेकपा (एमाले)का उपमहासचिव प्रदीपकुमार ज्ञवालीले कृतिमा एक सय वर्षको बदलिँदो नेपाली समाज, पारिवारिक सङ्गठन र विघटन, जलवायु परिवर्तनका कारणले भएका बसाइँसराइलगायत समसामयिक र वास्तविक पक्षलाई समेटिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिले अभ्यासमा रहेको राजनीति र लोकतन्त्र सित्तैमा आएको होइन, नेपाली समाज वर्तमान अवस्थामा आइपुग्न धेरै आमाहरू र ईश्वर पोखरेलजस्ता योद्धाको ठूलो सङ्घर्ष र बलिदानपूर्ण सङ्घर्ष छ। उहाँहरू सर्वकालीन र सार्वभौम हुनुहुन्छ।"समालोचक उपप्राध्यापक डा विन्दु शर्माले शब्द चयनमा समेत निकै सजगता र सचेतना अपनाई नेपाली आमाहरूको त्याग, समर्पण र बलिदानीबारे इमान्दारीपूर्ण संस्मरणात्मक रूपमा प्रस्तुत गरिएको कृतिमा भावुक पार्ने क्षण र विषयवस्तु प्रशस्त रहेको धारणा राख्नुभयो।

कृतिका लेखक एमालेका वरिष्ठ उपाध्यक्ष पोखरेलले आफ्नी आमालाई परिवर्तन र रुपान्तरणको पात्रका रूपमा प्रस्तुत गर्दै समाज परिवर्तनको आन्दोलनका सिलसिलामा नेपाली आमाहरूलाई कसरी र कुन ठाउँमा पाइयो भन्ने विषयवस्तु जस्ताको त्यस्तै उतार्न कोसिस गरेको बताउनुभयो। कृतिमा पति र पुत्रवियोगमा, आर्थिक अभावमा पनि समाज र सन्तानलाई देश र जनताका पक्ष अटल रहन प्रेरणा दिएका घटना समेटिएका छन्।

पुस्तकमा माइती र घरमा आमा, पीडादायी घरायसी अवस्था, बाबुको निधन र त्यसपछिका चुनौती, आमासित छुट्टिन पर्दा, विद्यार्थी जीवन र राजनीतिमा प्रवेश, मैले घर छोडेपछि आमाको अवस्था, भूमिगत अवस्थामा आमासित भेट, मलाई बचाउने औतारी लामा, आँखा दान गर्ने आमा र आमाको स्वभाव शीर्षकमा विभिन्न विषयवस्तु समावेश छन् ।यसअघि वरिष्ठ उपाध्यक्ष पोखरेलका 'पूर्वको रातो तारा', 'माघ १९' लगायत कृति प्रकाशित छन् ।रासस

# बिमाको रकमबाट निजी अस्पतालमा पनि उपचारको व्यवस्था मिलाउछौँ : स्वास्थ्यमन्त्री पौडेल

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले निजी अस्पतालमा पनि बिमाको रकमबाट उपचारको व्यवस्था गर्न पाउने व्यवस्था मिलाइने बताउनुभएको छ।



ग्राण्डी अन्तर्राष्ट्रिय अस्पतालको १२औँ वार्षिकोत्सवका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले बिमाको रकमले निजी अस्पतालमा पनि उपचार गर्न पाउने व्यवस्था मिलाउन सरकार लागेको बताउनुभएको हो । "बिमालाई व्यवस्थित बनाउँदै नागरिकको योगदानमा आधारित बिमा प्रणालीको विकास गर्न सरकार लागेको छ", उहाँले भन्नुभयो। सरकारले बिमाको रकम रु एक लाखबाट बढाएर पाँच लाख पुऱ्याएको उहाँको भनाइ थियो।

स्वास्थ्यमन्त्री पौडेलले नेपालको स्वास्थ्य क्षेत्रमा ग्राण्डी अस्पतालले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताउँदै सबै नागरिकको पहुँच पुग्नेगरी स्वास्थ्यसेवा प्रदान गर्न सुझाव दिनुभयो । स्वास्थ्य क्षेत्रमा कार्यरत चिकित्सक तथा नर्सलाई स्वदेशमै बस्ने वातावरण निर्माणमा नेपालका स्वास्थ्य संस्थाहरु लाग्नुपर्ने मन्त्री पौडेलको भनाइ थियो। उहाँले अस्पतालभित्र कार्यरत चिकित्सक तथा नर्समाथि हिंसा गर्नेलाई फौजदारी अभियोगअन्तर्गत मुद्दा चलाउने व्यवस्था भएकाले कार्यक्षेत्रमा ढुक्क भएर काम गर्न आग्रह गर्नुभयो।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखाको पहिचान ग्राण्डी अस्पतालले दिएको बताउनुभयो । "टोखाभित्र ग्राण्डी अस्पताल भएकामा नगरपालिकाले गौरवको महसुस गरेको छ, टोखालाई राष्ट्रियस्तरसम्म नभई अन्तर्राष्ट्रियस्तरसम्म ग्राण्डीले चिनाएको छ", उहाँले भन्नुभयो। टोखालाई पहिचान दिन ग्राण्डीले खेलेको भूमिका सराहनीय रहेको उहाँको भनाइ थियो । उहाँले नगरपालिकाको प्रमुख लक्ष्य टोखालाई समुन्नत र समृद्ध बनाउने रहेको बताउँदै सबै मिलेर टोखाको गरिमा बढाउन लाग्नुपर्ने बताउनुभयो।

अस्पतालका अध्यक्ष इञ्जिनियर दीपक कुँवरले ग्राण्डीले बिरामीलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको बताउनुभयो । उहाँले स्थापनापछि भूकम्प, नाकाबन्दी र कोरोनालगायत समस्यामा परेको ग्राण्डीले स्वदेशी तथा विदेशी बिरामीलाई गुणस्तरीय सेवा प्रदान गरेकोमा आफूलाई खुसी लागेको बताउनुभयो।

"नाफा कमाउनेभन्दा सेवा प्रदान गर्ने उद्देश्यका साथ ग्राण्डी स्थापना भएको हो, सामूहिक रुपमा काम गरेमा हामी सफल हुन्छौँ, ग्राण्डीलाई सफल बनाउने जिम्मा अस्पतालका चिकित्सक, नर्स र कर्मचारीको हो", उहाँले भन्नुभयो।रासस

# विकास निर्माणमा सहज हुनेगरी काम गरिरहेका छौँः वनमन्त्री शाही ठकुरी

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले विकासका पूर्वाधार निर्माणमा आफ्नो मन्त्रालयले सहजीकरण र सरलीकरण हुनेगरी काम गरिरहेको बताउनुभएको छ।



प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको शुक्रबारको बैठकमा उहाँले विकास निर्माणलाई सहज हुनेगरी वनसम्बन्धी कानुन संशोधन गर्न लागिएको जानकारी गराउनुभयो । मन्त्री शाहीले भन्नुभयो, "विकास आयोजनामा देखिएका कानुनी अल्झन समयमै समाधान गरेर अघि बढ्न कानुनमा समसामयिक संशोधन गर्न लागेका छौँ। यस समिति बैठकमा सांसदहरूले उठाउनुभएका सुझावलाई मनन गरेर अघि बढ्न मन्त्रालय प्रतिबद्ध छ।"उहाँले नेपालमा जलवायु परिवर्तनले परेका असर, यस सम्बन्धमा नेपालबाट भएका प्रयास र अन्तर्राष्ट्रियस्तरका मञ्चमा नेपालको सहभागिता, आगामी दिनमा वन, वातावरण तथा जलवायु परिवर्तन क्षेत्रमा गर्नुपर्ने कामलगायत सांसद र विज्ञहरूका सुझावका लागि आभार व्यक्त गर्नुभयो।

बैठकमा वन राज्यमन्त्री रुपा विकले वन व्यवस्थापन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि नीतिगत सुधार गरेर अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले मुलुकमा पर्याप्त मात्रामा वनजङ्गल भए पनि जनताले मागअनुसारको काठ उपयोग गर्न नपाएको अवस्थामा सोही विषयलाई दृष्टिगत गरी मन्त्रालयले काम गरिरहेको जानकारी गराउनुभयो।

वन सचिव डा दीपककुमार खरालले नेपालमा जलवायु परिवर्तनबाट परेका असर न्यूनीकरण गर्ने सम्बन्धमा भएका प्रयासबारे जानकारी गराउनुभएको थियो । उहाँले सांसदका जिज्ञासामा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२९) लगायतका मञ्चमा नेपालको सहभागिताको प्रभावकारी रहेको बताउनुभयो।

समिति सभापति कुसुमदेवी थापाको अध्यक्षतामा भएको बैठकमा सांसदहरू वीरबहादुर बलायर, वीरेन्द्रप्रसाद महत्तो, भानुभक्त जोशी, रुपा सोशी चौधरी, विनिता कठायत, सरस्वती सुब्बा, अशोक चौधरी, विजुला रायमाझीलगायतले विकास निर्माणका काममा देखिएका कानुनी अल्झन तत्काल हटाउन काम गर्न, जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय मञ्चमा नेपालको सहभागिता प्रभावकारी बनाउन तथा आगामी दिनमा गर्नुपर्ने कार्यका बारेमा सुझाव दिनुभएको थियो ।रासस

# परिणाममुखी काम गर्न गृहमन्त्री लेखकको निर्देशन

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले सीमित स्रोत र साधनकाबीच परिणाममुखी काम गर्न मुलुकभरका प्रमुख जिल्ला अधिकारी र सुरक्षा प्रमुखलाई निर्देशन दिनुभएको छ।



गृह मन्त्रालयले शुक्रबार आयोजना गरेको जिल्ला सुरक्षा समितिसँगको भर्चुअल बैठकमा गृहमन्त्री लेखकले लागुऔषध नियन्त्रण, आत्महत्या न्यूनीकरण तथा सवारी दुर्घटना न्यूनीकरण चुनौतीका रुपमा रहेको उल्लेख गर्दै सीमित स्रोतसाधनकाबीच गम्भीर भएर काम गर्न निर्देशन दिनुभयो।

"अहिले चुनौतीका रुपमा देखापरेका तीनवटै विषय एकअर्कासँग सम्बन्धित छन्", उहाँले भन्नुभयो, "त्यसको न्यूनीकरणका लागि प्रदेश र स्थानीय तहसित पनि समन्वय गरेर लाग्नुहोस् ।" सीमामा हुने अपराध, चोरीसिकारी नियन्त्रण, भ्रष्टाचार न्यूनीकरण र आर्थिक अनियमिततामा शून्य सहनशिलताको नीति अपनाउन आग्रहसमेत उहाँले गर्नुभयो।

मन्त्रालयले कानुनी, नीतिगत र संरचनात्मक सुधारका कामहरु अगाडि बढाएको उल्लेख गर्दै मन्त्री लेखकले सोहीअनुसार कामको गुणस्तर बढाएर जानुपर्नेमा जोड दिनुभयो। "हामीसँग शान्ति सुरक्षाको गम्भीर जिम्मेवारी छ", उहाँले भन्नुभयो, "विकास, समृद्धि र लोकतन्त्रको दीर्घ जीवनका लागि शान्तिसुरक्षा हुनैपर्छ।"

गृहसचिव गोकर्णमणि दुवाडीले नतिजा देखिनेगरी काम गर्न निर्देशन दिनुभयो। उहाँले सेवाप्रवाह प्रभावकारी बनाउन जोड दिँदै गुनासोरहित सेवा प्रवाहमा ध्यान दिन आवश्यक रहेको बताउनुभयो । उहाँले विपद् व्यवस्थापनका लागि पूर्वतयारी प्रभावकारी बनाउन पनि निर्देशन दिनुभयो । "सार्वजनिक सम्पत्तिको संरक्षण र अतिक्रमण हटाउने विषयमा जोड दिएर लाग्नुहोस", सचिव दुवाडीले भन्नुभयो, "जिम्मेवारी र दायरामा रहेर काम गर्नुपर्छ।" भर्चुअल बैठकमा देशभरका प्रमुख जिल्लाअधिकारीसहित जिल्ला सुरक्षा समितिका पदाधिकारीको सहभागिता थियो ।रासस

# महाकुम्भ २०२५ : उत्सव सुरु, सङ्गममा बिहान गङ्गा आरती

एएनआई

प्रयागराज । महाकुम्भ २०२५ को उत्सव भक्तजनहरूको बिहानी गङ्गा 'आरती' मा सहभागितासँगै सुरु भएको छ ।' आरतीहरू' प्रयागराजका प्रसिद्ध घाटहरूमा मात्र सीमित छैनन्, सङ्गमको बाढी मैदानहरूमा पनि देख्न सकिन्छ ।

यसअघि उत्तर प्रदेशको प्रयागराजको त्रिवेणी सङ्गममा विशेष गङ्गा आरतीमा महिलाहरूले भाग लिएका थिए । यो विधि आगामी कुम्भ मेलाको पूर्वाभ्यास पनि थियो ।"आज एक विशेष आरती गरियो । यो कुम्भ मेलाको पूर्वाभ्यास थियो । केटाहरूले त्रिवेणी आरती र केटीहरूले गङ्गा आरती गर्नेछन् । आरती गर्ने यी बालबालिकाहरूलाई सबैले प्रेरित गर्नेछन् भन्ने हामीले आशा गरेका छौँ... सनातन धर्ममा कुनै सीमा छैन भन्ने हामी सन्देश दिन चाहन्छौँ", प्रयागराज तीर्थ पुरोहित प्रदीप पाण्डेले भन्नुभयो ।

महाकुम्भ १२ वर्षपछि मनाइँदैछ र जनवरी १३ देखि फेब्रुअरी २६ सम्म प्रयागराजमा भक्तजनहरूको ठूलो उपस्थिति हुने अपेक्षा गरिएको छ । शाही स्नान (राजकीय स्नान) भनेर चिनिने मुख्य स्नान जनवरी १४ (मकर सङ्क्रान्ति), जनवरी २९ (मौनी अमावस्या) र फेब्रुअरी ३ (बसन्त पञ्चमी) मा हुनेछ ।दुर्घटना हुन नदिन जिल्ला प्रशासनले विशेष गरी भिड व्यवस्थापन र आगलागीबाट बच्न भक्तजनको सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण कदम चालेको छ ।



जिल्ला प्रशासनले महाकुम्भ समारोहअघि नयाँ दमकल केन्द्रहरूको उद्घाटन गरेको छ, जहाँ आगलागी भएमा द्रुत प्रतिक्रिया सुनिश्चित गर्न कम्तीमा ३६५ वटा सवारी साधन तैनाथ गरिएको छ ।

यसबाहेक सामान्य मानिसहरू सानो आगलागी घटनामा नआत्तिउन् भनेर अधिकारीहरूलाई जनचेतना अभियान र नक्कली अभ्यासहरू सञ्चालन गर्न भनिएको छ ।

एडिजी फायर पद्मजा चौहानले जनचेतना फैलाउन खटिएका अधिकारीहरूले मानिसहरूलाई यस्ता आगलागी घटनाहरू सम्हाल्न पनि सिकाउने बताउनुभयो ।"हामीले अधिकारीहरूलाई पालहरूमा जान, जनचेतना फैलाउन र नक्कली अभ्यास गर्न भनेका छौँ । यदि कुनै सानो आगलागी घटना भएमा मानिसहरू नआत्तिउन् । अधिकारीहरूले मानिसहरूलाई यस्तो आगलागी कसरी नियन्त्रण गर्ने भनेर पनि सिकाउनेछन्", उहाँले भन्नुभयो

यस पटक महाकुम्भका लागि प्रशासनले भक्तजनहरूको सुरक्षा सुनिश्चित गर्न कर्मचारीहरूको तैनातीसँगै प्राविधिक उपकरणहरू छनोट गरेको छ । चौहानले प्रशासनले श्रमशक्ति बढाएको र कुनै पनि भूभागमा चल्न सक्ने क्विक रेस्पोन्स भेहिकल, अल-टेरेन भेहिकल (एटिभी), फायर फाइटिङ रोबोट र फायर मिस्ट बाइक तैनाथ गरेको जानकारी दिनुभयो । चौहानका अनुसार प्रशासनले आगो निभाउने डुङ्गाहरू पनि ल्याएको छ । ती डुङ्गा एक हप्तामा तैनाथ गर्न तयार हुनेछन् । डुङ्गाहरूले आगो निभाउन नदीको पानी प्रयोग गर्नेछन् ।

यसैबीच डिजिटल फड्को मार्दै उत्तर मध्य रेलवेको प्रयागराज डिभिजनले आधुनिक प्रविधिमार्फत टिकटिङ प्रक्रियालाई सरल बनाउन नयाँ पहल सुरु गरेको छ ।महाकुम्भको समयमा प्रयागराज जङ्क्सन र अन्य प्रमुख स्थानहरूमा वाणिज्य विभागका समर्पित रेलवे कर्मचारीहरू तैनाथ गरिनेछ । यी कर्मचारीहरूलाई तिनीहरूको हरियो ज्याकेटहरूद्वारा सजिलैसँग पहिचान गर्न सकिन्छ, जसमा पछाडि क्युआर कोड छापिएको हुनेछ ।

तीर्थयात्रीहरूले आफ्नो मोबाइल फोनबाट यो क्युआर कोड स्क्यान गरेर युटिएस (अनरिजर्भ्ड टिकेटिङ सिस्टम) मोबाइल एप डाउनलोड गर्न सक्नेछन् ।

यो एपले यात्रीहरूलाई लामो लाइनमा नबसी अनरिजर्भ्ड टिकट बुक गर्न अनुमति दिन्छ ।यो अभूतपूर्व पहलले रेलवे स्टेशनहरूमा भीड कम गर्ने छ र तीर्थयात्रीहरूलाई सहज रूपमा टिकट खरिद गर्न सक्षम बनाउनेछ । डिजिटल भुक्तानी विकल्पहरू प्रक्रियामा एकीकृत गरिएको छ । यसले महाकुम्भमा आउने लाखौँ भक्तजनका लागि समय बचत र झन्झट-मुक्त अनुभव प्रदान गर्ने वाचा गर्दछ ।

# थाइल्याण्डका प्रधानमन्त्रीको २० लाख डलरका ह्यान्डब्याग र ५० लाख डलरका घडी

एएफपी

बैङ्कक । थाइल्याण्डका प्रधानमन्त्री पेटोङ्टार्न सिनावात्राले शुक्रबार ४० करोड अमेरिकी डलरभन्दा बढीको सम्पत्ति विवरण सार्वजनिक गर्नुभएको छ । उहाँले आफुसँग २० लाख अमेरिकी डलरभन्दा बढी मूल्यका २०० भन्दा बढी डिजाइनरद्वारा बनाइएका ह्यान्डब्याग र करिब ५० लाख अमेरिकी डलर मूल्यका कम्तीमा ७५ वटा लक्जरी घडी रहेको बताउनुभएको छ ।


थाई टेलिकमका मालिक तथा पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्राकी कान्छी छोरी पेटोङ्टार्नले गत सेप्टेम्बरमा थाइल्यान्डमा २० वर्षमा सरकारको नेतृत्व गर्ने परिवारका चौथो सदस्यका रूपमा पदभार ग्रहण गर्नुभएको थियो ।

पेटोङटार्नले आफ्नो सम्पत्ति र दायित्व राष्ट्रिय भ्रष्टाचार विरोधी आयोग (एनएसीसी) को अनुरोधमा घोषणा गर्नुभएको हो । उहाँले आफूसँग कूल १३ अर्ब ८० करोड भाट (४० करोड अमेरिकी डलर) बराबरको सम्पत्ति रहेको बताउनुभएको छ । उहाँको लगानी ११ अर्ब भाट रहेको र एक अर्ब भाट निक्षेप र नगद रहेको घोषणामा उल्लेख छ ।

उहाँको अन्य सम्पत्तिमा करिब सात करोड ६० लाख बाहत मूल्यका २१७ वटा ह्यान्डब्याग र १६ करोड २० लाख भाट बराबर मूल्यका ७५ वटा घडी रहेको उल्लेख छ । उहाँले आफूसँग बेलायती र जापानका अन्य सामान पनि सम्पत्तिका रूपमा रहेको उल्लेख गर्नुभयो । स्थानीय सञ्चारमाध्यमले पोस्ट गरेको एनएसीसीको दस्तावेजअनुसार उहाँले करिब पाँच अर्ब भाटको अन्य दायित्व पनि घोषणा गर्नुभएको छ । योसहित उहाँको कूल सम्पत्ती २५करोड ८० लाख अमेरिकी डलर दिएको थियो ।

फेउ थाई पार्टीका एक प्रतिनिधिले एएफपीसँग कुरा गर्दै थाइ सञ्चारमाध्यमले सार्वजनिक गरेको तथ्याङ्क सही भएको पुष्टि गर्नुभएको छ । फोर्ब्सका अनुसार कुनै समय म्यानचेस्टर सिटी फुटबल क्लबको मालिकसमेत पेटोङ्टार्नका पिता तथा पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको कुल सम्पत्ति २.१ अर्ब अमेरिकी डलर छ । फोर्ब्सको सूचीमा उहाँ थाइल्याण्डको १० औं धनी व्यक्ति बन्नुभएको छ ।

# सन् २०२४ ले गुमाएका चर्चित व्यक्तित्व



काठमाण्डु । वर्ष २०२४ लाई विभिन्न कारणले सम्झना गरिनेछ । यो वर्षले धेरै राम्रा कामको सुरुआत गरेको छ । कतिपय घटनाले सुखद कार्यलाई सम्झनामा सीमित गर्दै तिनलाई केवल निर्मम इतिहासमा बदलिदिएको छ । सन् २०२४ मा संसार छोडेका यस्ता घटना सम्झाउने केही महत्त्वपूर्ण व्यक्तित्वको नाम यहाँ प्रस्तुत गरिएको छ :

### जिमी कार्टर

अमेरिकाका ३९औँ राष्ट्रपति जिमी कार्टरको एक सय वर्षको उमेरमा सन् २०२४ डिसेम्बर ३० मा निधन भएको छ । वाटरगेट काण्ड र भियतनाम युद्धपछि राष्ट्रपति पद जित्ने बदाम किसान जिम्मी कार्टरले ह्वाइट हाउसको कार्यकालपछि विश्वव्यापी मानवतावादीको रूपमा जीवनलाई पुनः परिभाषित गर्नुभएको थियो ।

सबैभन्दा लामो समयसम्म बाँच्नुभएका अमेरिकी राष्ट्रपतिको जर्जियाको सानो शहर प्लेन्समा 'होस्पिस केयर'मा प्रवेश गरेको लगभग २२ महिनापछि निधन भएको हो । प्लेन्समा उहाँ र उहाँकी श्रीमती रोजालिनले आफ्नो जीवनको अधिकांश समय बिताउनुभयो । रोजालिनको भने सन् २०२३ नोभेम्बरमा ९६ वर्षको उमेरमा निधन भएको थियो ।

कार्टर सेन्टरका संस्थापक, पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टरको आफ्नो परिवारबीच उमेरजन्य समस्याका कारण शान्तिपूर्वक निधन भएको उल्लेख छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले कार्टरको निधनबाट विश्वले एक 'असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी' नेतृत्व गुमाएको र आफूले एक प्रिय मित्र गुमाएको बताउनुभएको छ । रोग उन्मूलन, शान्ति स्थापना, नागरिक र मानव अधिकारलाई अगाडि बढाउन, विश्वभर स्वतन्त्र र निष्पक्ष चुनावलाई बढावा दिन र घरबारविहीनहरूलाई सहयोग गर्ने कामका लागि विश्वले उहाँलाई सम्झिरहनेछ । कार्टरले आफ्नो महत्त्वाकांक्षालाई गहिरो बुद्धि, गहिरो धार्मिक विश्वास र विलक्षण कार्य नैतिकताका साथ प्रयोग गर्नुभयो । उहाँले आफ्नो ८० को दशकमा कूटनीतिक मिसनहरू सञ्चालन गर्नुभएको थियो र ९० को दशकमा गरिबहरूका लागि घरहरू निर्माण गर्नुभएको थियो ।

सन् १९२४ अक्टोबर १ मा जन्मनुभएका कार्टर अमेरिकी राजनीतिज्ञ, लेखक र डेमोक्रेटिक पार्टीका सदस्य हुनुहुन्थयो । उहाँले सन् १९७७ देखि १९८१ सम्म संयुक्त राज्य अमेरिकाको ३९औँ राष्ट्रपतिको रूपमा काम गर्नुभएको थियो । उहाँलाई सन् २००२ मा नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो ।

### अल्बर्टो फुजिमोरी

मानवअधिकार हनन र भ्रष्टाचारको अभियोगमा दोषी ठहर भएका पेरुका पूर्वराष्ट्रपति अल्बर्टो फुजिमोरीको सेप्टेम्बर २१ मा निधन भयो । क्यान्सरसँगको लामो लडाइँपछि पूर्वराष्ट्रपति फुजिमोरीको निधन भएको हो । उहाँको जिब्रोमा क्यान्सर भएको थियो । सन् १९९० देखि २००० सम्म पेरुमा शासन गर्नुभएका फुजिमोरी भ्रष्टाचारको आरोपका कारण सत्ताबाट बाहिरिन बाध्य हुनुभएको थियो । राष्ट्रपति रहँदा उहाँले वामपन्थी गुरिल्ला विद्रोहविरुद्ध कडा अडान लिनुभएको थियो । त्यसलाई कतिपयले मानवअधिकार उल्लङ्घनको आरोप लगाएका थिए । तर विद्रोहीहरूले सत्ता कब्जा गर्ने सम्भावना देखिएका बेला फुजिमोरीले पराजित गरेको भन्दै उहाँको प्रशंसा गर्ने समूह पनि गरिन्छ ।

### एलेक्सी नभाल्नी

रुसमा पछिल्लो दशक सबैभन्दा प्रखर प्रतिपक्षी नेताको छवि बनाएका एलेक्सी नभाल्नीको सन् २०२४ फेब्रुअरी १८ मा जेलमा निधन भएको रूसी कारागार प्रशासनले जनाएको थियो । रूसी राष्ट्रपतिका सबैभन्दा कडा आलोचक मानिएका नभाल्नीलाई १९ वर्षको जेल सजाय सुनाइएको थियो। कतिपयले उहाँलाई लगाइएका अभियोगहरू राजनीतिक रूपमा प्रेरित भएको ठानेका थिए । उहाँको मृत्यु हुनुभन्दा करिब एक वर्ष पहिले मात्रै रूसको निकै कठोर जेलमध्येको आर्कटिक पेनल कोलोनीमा सारिएको थियो ।

नभाल्नीको मृत्यु भएको भन्दा एक दिनअघि फेब्रुअरी १७ मा उहाँ अदालती सुनुवाइको क्रमको एक भिडिओमा देखा पर्नुभएको थियो । त्यसबेला उहाँ ठिकै देखिनुका साथै हाँसिरहेको देखिएको नभाल्नीका समर्थकहरूले दाबी गरेका छन् । जेल प्रशासनले नभाल्नी फेब्रुअरी १६ मा यात्राका क्रममा अचेत भएको र उपचारका लागि तत्कालै आपत्कालीन सेवालाई खबर गरिए पनि बचाउन नसकिएको बताइएको थियो ।

नभाल्नीलाई सन् २०२० को अगस्टमा स्नायुमा असर गर्ने नोविचोक नामक सोभियतकालीन विषाक्त पदार्थद्वारा आक्रमण गरिएको थियो । साइबेरियाबाट मस्को जाने उडानमा रहेका बेला उहाँ बिरामी परेपछि जहाजले आपत्कालीन अवतरण गर्नुपरेको थियो। त्यसपछि जर्मनीमा उपचार गराएर रुस फर्किएलगत्तै पक्राउ परेका नभाल्नी मृत्युपर्यन्त रूसी हिरासतमा हुनुहुन्थ्यो । नभाल्नीले आफूमाथि स्नायु विष हमला भएकोबारे लगाएको आरोप सही भएको केही खोज पत्रकारहरूको अनुसन्धानले देखाएको थियो ।

नभाल्नी रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका सबैभन्दा कडा आलोचक हुनुहुन्थ्यो । सत्चालिस वर्षको उमेरमा निधन हुनुभएका नभाल्नीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भ्रष्ट्र व्यक्ति भएको आरोप लगाउँदै आउनुभएको थियो । उहाँ भ्रष्ट्राचारविरोधी अभियानकर्ता पनि हुनुहुन्थ्यो । सन् २०१८ को राष्ट्रपतीय निर्वाचनमा उहाँ उम्मेदवार बन्न खोज्नुभएको थियो तर उहाँलाई आर्थिक हिनामिनाको आरोपमा उम्मेदवार बन्न दिइएन। नडराई बोल्ने ब्लगरका छवि बनाउनुभएका उहाँलाई सामाजिक सञ्जालमा लाखौँ रुसीले पढ्छन् र सन् २०२० मा उहाँका केही समर्थकहरू साइबेरियाको स्थानीय निर्वाचनमा निर्वाचित पनि भएका थिए ।

सन् २०२१ को फेब्रुअरीमा नभाल्नी सन् २०१४ मा सुनाइएको सजाय उल्लङ्घन गरेको आरोपमा जेल पर्नुभएको थियो । उहाँलाई सन् २०२० मा आफ्नो अवस्थाबारे प्रहरीलाई नियमित खबर नगरेको आरोप लगाइएको थियो । साइबेरियामा भएको स्नायु एजेन्ट आक्रमणमा परेर आपत्कालीन उपचार गराइरहेको थाहा हुँदाहुँदै उहाँमाथि यस्तो आरोप लगाइनु हास्यास्पद भएको उहाँका वकिलहरूले बताएका थिए ।

### डा. मनमोहन सिंह

भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको बुढ्यौलीजन्य स्वास्थ्य समस्याका कारण सन् २०२४ डिसेम्बर २६ मा राजधानी नयाँदिल्लीको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) अस्पतालमा भर्ना गरिएको थियो तर उपचारका क्रममा उहाँको ९२ वर्षको उमेरमा सोही दिन निधन भएको थियो ।

उहाँले प्रधानमन्त्रीका रूपमा सन् २००४ देखि २०१४ सम्म भारतलाई नेतृत्व दिनुभयो । भारतको आर्थिक सुधारका लागि विशेष योगदान दिनुभएका अर्थशास्त्री सिंहले १९९१ मा भारतको अर्थतन्त्रलाई उदारीकरण गर्न वित्तमन्त्रीको रूपमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । उहाँको कार्यकालमा भारतको आर्थिक वृद्धि उच्च भएको थियो । उहाँलाई सरल, विनम्र र प्रभावकारी नेतृत्वका लागि भारतका साथै समग्र विश्वले सम्झिन्छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सिंहप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उहाँको अतीतलाई स्मरण गर्दै आफूहरूबीचको अन्तर्क्रियामा उहाँमा सधैँ 'विवेक र नम्रता झल्किने गरेको' बताउँदै उहाँको कार्यकालमा 'भारतीय नागरिकको जनजीवन सुधार गर्न व्यापक प्रयासहरू' भएको बताउनुभएको थियो ।

जवाहरलाल नेहरुपछि पहिलो कार्यकाल पूर्णरूपमा पूरा गर्दै पुनः प्रधानमन्त्रीमा निर्वाचित हुने उहाँ पहिलो भारतीय नेता हुनुहुन्थ्यो । उहाँको दोस्रो कार्यकालमा भने सरकारमाथि व्यापक रूपमा भ्रष्टाचारका आरोपहरू लागेको थियो । सिंहको जन्म सन् १९३२ को सेप्टेम्बर २६ मा विभाजित हुनुपूर्वको भारतको पञ्जाब प्रान्त (हाल पाकिस्तान) को एउटा विकट गाउँमा भएको थियो । त्यहाँ पानी र बिजुलीको अभाव थियो । पञ्जाब विश्वविद्यालयमा पढेपछि उहाँ स्नातकोत्तर अध्ययनका लागि बेलायतको क्याम्ब्रिज विश्वविद्यालय पुग्नुभयो र पछि अक्सफोर्डबाट डिफिल गर्नुभएको थियो ।

उहाँले कर कटौती, रुपैयाँको अवमूल्यन, राज्यद्वारा सञ्चालित कम्पनीहरूलाई निजीकरण र विदेशी लगानीलाई प्रोत्साहन गर्ने काम गर्नुभएको थियो । यसका कारण अर्थतन्त्रमा सुधार देखा पर्दै उद्योगहरूको तीव्र वृद्धि भयो । बढ्दो मुद्रास्फीति नियन्त्रण भएर सन् १९९० को दशकमा वृद्धिदर निरन्तर उच्च बनेको थियो ।

सिंहको पहिलो प्रधानमन्त्रीकालमा सबैभन्दा ठूलो सफलता अमेरिकासँग आणविक सम्झौता गरेको रूपमा हेरिन्छ । उहाँको पालामा त्यस ऐतिहासिक सम्झौताका कारण भारतले अमेरिकाको आणविक प्रविधिमा पहुँच पाएको थियो । सिंह सरकारलाई समर्थन गरेका वामपन्थी दलहरूले त्यसकै कारण आफ्नो समर्थन फिर्ता लिएका थिए ।

### सीताराम यचुरी

जीवनको उत्तरार्द्धतिर श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का महासचिव सीताराम यचुरीको नयाँदिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स)मा उपचारका क्रममा ७२ वर्षको उमेरमा सेप्टेम्बर १२ मा निधन भएको थियो । सन् १९५२ अगस्ट १२ मा भारतको चेन्नईमा जन्मिनुभएका यचुरी भारतीय राजनीतिका प्रभावशाली नेता हुनुहुन्थ्यो ।

उहाँ सन् २०१५ देखि कम्युनिस्ट पार्टीको महासचिव बन्नुभएको थियो । विद्यार्थी कालदेखि नै राजनीतिमा प्रवेश गर्नुभएका यचुरी जवाहरलाल नेहरु विश्वविद्यालयमा भारतीय विद्यार्थी महासङ्घ (एसएफआई)का प्रभावशाली नेता हुनुहुन्थ्यो । उहाँ इन्दिरा गान्धीको शासनकालमा १९७५ देखि १९७७ सम्म लगाइएको सङ्कटकालको समयमा नागरिक अधिकार र वामपन्थी विचारधारको पक्षमा क्रियाशील हुनुहुन्थ्यो । यचुरीले सन् २००५ अगस्ट १९ देखि सन् २०१७ अगस्ट १८ सम्म भारतको माथिल्लो सदन राज्यसभाको सदस्यका रूपमा पश्चिम बङ्गालबाट प्रतिनिधित्व गर्नुभएको थियो ।

### नटवर सिंह

सन् १९८४ मा पद्मभूषण प्राप्त गर्नुभएका पूर्व विदेशमन्त्री तथा वरिष्ठ कांग्रेस नेता नटवर सिंहको ९३ वर्षको उमेरमा निधन भएको छ । सन् १९५३ मा भारतीय विदेश सेवा (आइएफएस) मा आफ्नो जागिरे जीवन सुरु गर्नुभएका उहाँ सन् १९८० को दशकमा राजनीतिमा प्रवेश गर्नुभएको थियो ।

उहाँले पूर्व प्रधानमन्त्री राजीव गान्धीको कार्यकालमा इस्पात, खानी, कोइला र कृषि राज्यमन्त्रीको रूपमा काम गर्नुभएको थियो । कूटनीति र राजनीतिमा अब्बल मानिने उहाँलाई तेलसम्बन्धी खाद्य घोटालामा उहाँको नाम आएपछि सन् २००६ मा काङ्ग्रेसले निलम्बित गरेको थियो । पछि सन् २००८ मा बहुजन समाज पार्टीमा सामेल भएपनि चार महिनापछि उहाँलाई सो पार्टीबाट पनि निष्कासित गरिएको थियो ।

### रतन टाटा

रतन नवल टाटा एक भारतीय उद्योगपति र परोपकारी व्यक्तित्वको नाम हो । उहाँले सन् १९९१ देखि २०१२ सम्म टाटा समूह र टाटा सन्सको अध्यक्षको रूपमा काम गर्नुभएको थियो भने अक्टोबर २०१६ देखि फेब्रुअरी २०१७ सम्म अन्तरिम अध्यक्षको रूपमा पद सम्हाल्नुभएको थियो । सन् २००० मा उहाँले भारतको तेस्रो सर्वोच्च नागरिक सम्मान पद्मभूषण प्राप्त गर्नुभएको थियो । सन् २००८ मा पद्म विभूषणसहित टाटाले आफ्नो कामको लागि धेरै प्रशंसा प्राप्त गर्नुभएको छ ।

सन् १९३७ डिसेम्बर २८ मा जन्मनुभएका उहाँको ८६ वर्षको उमेरमा सन् २०२४ अक्टोबर ९ मा निधन भएको हो । उहाँको नेतृत्वमा कम्पनीले विश्वव्यापी स्वरूप धारण गरेको थियो । उहाँको नेतृत्वमा टाटा कम्पनीले कोरस, टेटली र जगुआर ल्यान्ड रोभरजस्ता प्रतिष्ठित ब्रान्डहरू अधिग्रहण गरेको थियो । टाटाको दूरदर्शी नेतृत्व र कर्पोरेट सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धताले भारतको कर्पोरेट जगत्मा सुधार ल्याएको बताउने गरिन्छ ।

### तीन भारतीय सङ्गीतकार

पद्मश्री, पद्म भूषण र सङ्गीत नाटक एकेडेमी पुरस्कारबाट सम्मानित सङ्गीतकार उत्साद राशिद खानको सन् २०२४ जनवरी ९ मा ५५ वर्षको अल्पायुमा नै निधन भएको हो । हिन्दुस्तानी शास्त्रीय गायक आफ्नो जुगलबन्दी र ख्याल र ठुमरीजस्ता भारतीय शास्त्रीय सङ्गीत शैलीहरूमा निपुणताको लागि प्रसिद्ध हुनुहुन्थ्यो ।

लोकप्रिय गीत 'चिठी आइ है' का लागि व्यापक प्रशंसा कमाउनुभएका चर्चित गजल गायक पञ्कज उदासको पनि यसै वर्ष फेब्रुअरीमा ७२ वर्षको उमेरमा निधन भएको छ । उहाँलाई ' चिठी आइ है' र अन्य 'चाँदी जैसा रङ्ग', र 'जिये तो जिए कैसे' जस्ता धेरै कालजयी गीत तथा गजलका लागि संसारले कहिल्यै भुल्ने छैन । सन् २००६ मा उहाँलाई सङ्गीत क्षेत्रमा दिएको उहाँको अपार योगदानका लागि भारतीय पद्मश्री पुरस्कारबाट सम्मानित गरिएको थियो ।

तबला वादक जाकिर हुसेनको ७३ वर्षको उमेरमा निधन भयो । भारतीय शास्त्रीय सङ्गीतलाई पुनर्परिभाषित गर्नका लागि परिचित हुसेनले सहजै परम्परागत तबला लयलाई विश्वव्यापी शैलीसँग मिसाएर व्यापक प्रशंसा प्राप्त गर्नुभयो । चार पटकको ग्रामी विजेता उहाँले तबला उस्ताद, सङ्गीतकार, सङ्गीत निर्माता, अभिनेता र शिक्षकका रूपमा महत्त्वपूर्ण योगदान दिनुभयो ।

विश्वप्रसिद्ध भारतीय तबलावादक उस्ताद जाकिर हुसेनको डिसेम्बर १६ मा निधन भएको हो । उहाँ फोक्सोसम्बन्धी समस्या (इडियोप्याथिक पल्मोनरी फाइब्रोसिस) बाट पीडित हुनुहुन्थ्यो । उहाँको अमेरिकाको सान फ्रान्सिस्कोस्थित एक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । हुसेनको जन्म ९ मार्च १९५१ मा मुम्बईमा भएको थियो । उहाँलाई सन् १९८८ मा पद्मश्री, २००२ मा पद्मभूषण र २०२३ मा पद्मविभूषण पनि प्रदान गरिएको थियो । हुसेन आफ्नो साङ्गीतिक जीवनमा चार ग्रामी अवार्डबाट पनि सम्मानित हुनुभएको थियो ।

### इब्राहिम रायसी

इरानका राष्ट्रपति इब्राहिम रायसी (सयैद इब्राहिम रैसोलसादाती) को हेलिकप्टर दुर्घटनामा परेर मे १९ मा मृत्यु भएको हो । इरानको पूर्वी अजरबैजान प्रान्तमा हेलिकप्टर दुर्घटनामा परेपछि ६३ वर्षीय उहाँको मृत्यु भएको थियो । उहाँलाई इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको उत्तराधिकारी मानिन्थ्यो । न्यायपालिका र धार्मिक अभिजात वर्गमा गहिरो सम्बन्धका साथ स्थापित उपस्थिति, कट्टरपन्थी र धार्मिक रूपमा रूढिवादी राजनीतिज्ञ रायसीले पहिलो पटक २०१७ मा राष्ट्रपतिका लागि उम्मेदवारी दिनुभएको थियो तर पराजित हुनुभएको थियो । उहाँ सन् २०२१ मा राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो । उहाँ इरानको अहिलेसम्मकै कट्टरपन्थी राष्ट्रपतिको रुपमा परिचित मानिनुहुन्थ्यो ।

इरानमा राष्ट्रपति सर्वोच्च नेतापछि दोस्रो वरियतामा हुन्छन् । राष्ट्रपतिको आन्तरिक र वैदेशिक मामिलामा महत्त्वपूर्ण प्रभाव हुन्छ । तर राज्यसम्बन्धी सम्पूर्ण मामिलामा अन्तिम निर्णय सर्वोच्च नेता आयातोल्लाह अली खामेनेको हुने गर्छ । रायसीसँगै इरानका विदेशमन्त्री र अर्धसैनिक रिभोल्युसनरी गार्डका नजिकका एक कट्टरपन्थी नेता ६० बर्षीय होसेन अमिराबडोल्लाहियनका पनि निधन भएको थियो ।

### फेतुल्लाह गुलेन

हिज्मेत नामक इस्लामिक आन्दोलनको नेतृत्व गरेको, 'आतङ्कवादी' समूहको नेतृत्व गरेको र सन् २०१६ मा शक्तिशाली नेता रेसेप तैयप एर्दोगानको सरकार ढाल्न गरिएको असफल 'कू' को नेतृत्व गरेको आरोप लागेका अमेरिकामा बस्दै आएका टर्कीएका मुस्लिम धर्मगुरु फेतुल्लाह गुलेनको २० अक्टोबरमा मृत्यु भएको हो ।

अङ्काराले गुलेनलाई सन् २०१६ को असफल 'कू' का मुख्य योजनाकार भएको आरोप लगाउँदै आएको छ । त्रियासी वर्षीय गुलेनको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । गुलेन सन् १९९९ देखि पेन्सिलभेनियामा बस्दै आउनुभएको थियो । प्रशासनले उहाँको टर्कीएको नागरिकता सन् २०१७ मा खोसेको थियो । गुलेनले टर्कीए र त्यसभन्दा बाहिर शक्तिशाली इस्लामिक आन्दोलनको निर्माण गर्नुभएको थियो । उहाँमाथि टर्कीएका राष्ट्रपति रेसेप तैयप एर्दोगानविरुद्ध 'कू' को प्रयास गरेको आरोप लागेको थियो जसलाई उहाँले खण्डन गर्दै आउनुभएको थियो ।

### इस्माइल हानिया

हमास नेता इस्माइल हानियाको ' इजरायलको आक्रमण' बाट जुलाई ३१ मा मृत्यु भएको थियो । उहाँ इरानमा मारिनुभएको थियो । प्यालेस्टिनी लडाकू समूह हमास र इरानको एलिट रिभोलुसनरी गाड्र्सले उहाँ इजरायलले झुक्काएर गरेको आक्रमणमा मारिएको दावी गरेका छन् । इरानका नयाँ राष्ट्रपतिको शपथ ग्रहण समारोहमा सहभागी भएका हानियालाई कार्यक्रम स्थलबाट बाहिरिएपछि तेहरानस्थित इस्माइल हानियाको निवासमा आक्रमण भएको थियो ।

### हसन नसरल्लाह

लेबनानको सशस्त्र शिया सङ्गठन हिजबुल्लाह नेता हसन नसरल्लाहको सेप्टेम्बर २७ मा मृत्यु भएको हो । इजरायली सेनाले बेरूतमा गरेको हवाई आक्रमणमा उहाँ मारिनुभएको हो । इजरायलले ६४ वर्षीय नसरल्लाहलाई धेरै इजरायली सैनिक र सर्वसाधारणको हत्याका लागि जिम्मेवार ठहर गरेको थियो । लेबनानमा हिजबुल्लाह समूहको नेतृत्व गर्ने आलिम (धार्मिक विद्वान) नसरल्लाहले यस समूहको इतिहासमा निर्णायक भूमिका खेलेको पाइन्छ ।

### याह्या सिनवार

गाजामा भएको इजरायली आक्रमणमा मारिएका हमासका राजनीतिक प्रमुख याह्या सिनवार सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा भएको विध्वंशकारी आक्रमणका योजनाकार हुनुहुन्थ्यो । राजनीतिक प्रमुख सिनवारको इजरायलमा हमासले गरेको आक्रमणको ठीक एक वर्षपछि अक्टोबर १६ मा इजरायली हवाई आक्रमणमा मृत्यु भएको हो । यसअघि हमासका प्रमुख इस्माइल हानिया गत जुलाईमा मारिएपछि हमासभित्र बलियो प्रभाव बनाएका सिनवार राजनीतिक प्रमुख चुनिनुभएको थियो । सन् २०१७ देखि गाजा स्ट्रिपमा हमास समूहका नेता रहेका सिनवारलाई सर्वसम्मतिमा उक्त समूहको राजनीतिक विभाग नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो ।

सिनवार चरमपन्थी नेता मानिनुहुन्छ । उहाँको त्यही स्वभावका कारण पनि गाजामा युद्धविरामका लागि भएका दर्जनौँ प्रयास असफल भएको बताइन्छ । सिनवार यसअघि गाजा क्षेत्रमा हमासको राजनीतिक एकाइ प्रमुख हुनुहुन्थ्यो । सन् १९६२ मा जन्मेका सिनवार हमासको सुरक्षा सेवा 'मज्द'का संस्थापक पनि हुनुहुन्थ्यो ।

भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको बुढ्यौलीजन्य स्वास्थ्य समस्याका कारण सन् २०२४ डिसेम्बर २६ मा राजधानी नयाँदिल्लीको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) अस्पतालमा भर्ना गरिएको थियो तर उपचारका क्रममा उहाँको ९२ वर्षको उमेरमा सोही दिन निधन भएको थियो ।
उहाँले प्रधानमन्त्रीका रूपमा सन् २००४ देखि २०१४ सम्म भारतलाई नेतृत्व दिनुभयो । भारतको आर्थिक सुधारका लागि विशेष योगदान दिनुभएका अर्थशास्त्री सिंहले १९९१ मा भारतको अर्थतन्त्रलाई उदारीकरण गर्न वित्तमन्त्रीको रूपमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो ।

# किसानलाई चिया काट्न धमाधम

इलाम । चिया उत्पादनको उर्वरभूमि सूर्योदय नगरपालिकामा चियाको बुट्यान काट्न (कटिङ) धमाधम सुरू भएको छ । सूर्योदय-१ मकर्जुङका जगन्नाथ अधिकारी यतिबेला बिहानदेखि साँझसम्म चिया कटिङमै व्यस्त हुनुहुन्छ । "पुस लागेपछि कटिङ सुरू भएकामा महिनाभरि यत्तिकै हो । सबै व्यस्त छन् । खेताला पाइँदैन", अधिकारीले भन्नुभयो, "यो समयमा काँटछाँट मिलाउँदा अब पलाउने मुना राम्रो भएर आउँछ । पहिलो टिपाइ चैतमा हुन्छ ।"



चिया रोपण, मलजल, सिँचाइ र छाँटकाँटमा ध्यान पुर्‍याउन सक्दा उत्पादन वृद्धि हुने किसान बताउँछन् । "चियाको गुणस्तर सुधार गर्न रोपणबाट टिपानसम्म नै किसानले ध्यान दिनुपर्छ ।" सूर्योदय-७ गोगनेका गणेश भट्टराईले भन्नुभयो, "कटिङ बिग्रियो भने चियाको उत्पादन घट्छ । गुणस्तर सुधार गर्न पनि कटिङमा सचेत हुनुपर्छ ।"

चिया कटिङ प्राविधिक ज्ञान र सीप भएकाले मात्र गर्नुपर्छ । सीप भएकालाई रोजगारीको राम्रो अवसर पनि छ । गत वर्ष राष्ट्रिय चिया तथा कफी विकास बोर्डको सहयोगमा इलामका किसानले चिया कटाइसम्बन्धी तालिम प्राप्त गरेको केन्द्रीय चिया सहकारी सङ्घका महासचिव रविन राईले बताउनुभयो । उहाँका अनसार उक्त तालिमले केही दक्ष जनशक्ति तयार भएको छ ।

चियाको काँटछाँट र टिपाइ सुधार हुन नसक्दा भारतलगायत मुलुकमा नेपाली चिया बिक्रीमा समस्या भएपछि सूर्योदय नगरपालिकाले यहाँ प्राङ्गारिक चिया उत्पादनको अभियान नै चलाइरहेको छ । छ वर्षअघि नै चियाको कार्यविधि बनाएर न्यूनतम समर्थन मूल्य तोकेको सूर्योदयले उत्पादन गुणस्तरीय बनाएर विश्वबजारमा निर्यात वृद्धि गर्न किसानलाई प्रोत्साहनका कार्यक्रम गरिरहेको नगरप्रमुख रणबहादुर राईले बताउनुभयो ।

"पहिले हाम्रो चिया भारतले किन्दा सिएफएल परीक्षण गर्थ्यो तर अब त्यसका अलावा फसाइ परीक्षण गरेर मात्र चिया लिने भएको छ", नगरप्रमुख राईले भन्नुभयो, "यसले गर्दा हाम्रो चिया भारतमा सजिलै बिक्री हुने अवस्था छैन । यदि चिया प्राङ्गारिक भएन भने सबै चिया नबिक्ने अवस्था हुन्छ। यो समस्या बुझेर किसानले उत्पादनलाई विषादीरहित र टिपाइ गुणस्तरको बनाउनुपर्छ ।"

चियाको टिपाइ सुधार गर्न नगरपालिकाले यस वर्ष तीन सय किसानलाई चिया टिप्ने हाते मेसिन वितरण गरेको छ। "टिपाइमा सुधार भइसकेपछि न्यूनतम समर्थन मूल्य कार्यान्वयन हुन्छ। करिब तीन सयवटा चिया टिप्ने हातेमेसिन वितरण गरिएको छ," उहाँले भन्नुभयो, "चियालाई 'ब्रान्डिङ' गर्नुपर्छ, 'टी' परीक्षण गर्नुपर्छ भनेर निर्माण गरिएको 'टी टेस्टिङ एण्ड रिसर्चिङ सेन्टर' पनि भर्खरै सञ्चालनमा आएको छ।"

'सूर्योदय नगरपालिकाको समृद्धि, प्राङ्गारिक कृषि पर्यापर्यटन र आर्थिक समानता' नारा नै रहेको छ । विसं २०७५ साउन १ गते नै निषेधित विषादीमुक्त पालिका घोषणा गरी सबै १४ वडाका दुई सय ५२ टोलमा सचेतना कार्यक्रम भइसकेको नगर आर्थिक विकास समितिका संयोजक देवेन्द्र आचार्यले बताउनुभयो । "गोठ सुधार, भकारो सुधार, माटो परीक्षणजस्ता कार्यक्रममार्फत प्राङ्गारिकउन्मुख अभियान चलाइरहेका छौँ", उहाँले भन्नुभयो ।

नगरपालिकाले चियाबाट नै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । कार्यविधि बनाएर गुणस्तर सुधार गर्न लागिपरेको सूर्योदयले चियामा विषादीको प्रयोग रोक्न सकेको छैन। "उत्पादन नै विषादीयुक्त हुँदा चियाखेतीको बजार छैन। किसान व्यावसायिक बन्न सक्दैनन् । विषादीका कारण मानव स्वास्थ्यमा पारेको असरका बारेमा हामी संवेदनशील बन्नुपर्छ", नगरप्रमुख राईले भन्नुभयो ।

अर्कोतिर किसानलाई प्राङ्गारिक खेतीमा आकर्षित गर्न अनुदानको कार्यक्रम छैन । "असी प्रतिशतभन्दा धेरैको आयस्रोत बनेको चियामा प्रतिकिलो रू एक अनुदान दिँदा पनि करोडौँ लगानी चाहिन्छ । स्थानीय सरकारको एक्लो प्रयासले सहजै किसानको समस्या समाधान हुने देखिँदैन। प्रदेश र सङ्घले चिया सुधार गर्न लगानी नगर्दा स्थानीय सरकार मर्कामा परेको छ", किसान छविलाल पौडेलले भन्नुभयो ।

नेपाली चियाको अन्तर्राष्ट्रिय 'ब्रान्डिङ' प्रवर्द्धनका लागि सहयोग, साना किसानका लागि हरियो पत्ती उत्पादनका आधारमा उखुमा जस्तै अनुदान दिनुपर्ने माग उद्योगीले गरेका छन् । उद्योगी उदय चापागाईंले कृषिका अन्य क्षेत्रमा जस्तै चियामा अनुदान दिन सरकारले कञ्जुस्याइँ गर्ने गरेको बताउनुभयो । नेपालमा उत्पादित ५५ लाख तयारी अर्थोडक्स चियामध्ये तीन लाख किलोमात्र अर्ग्यानिक रहेको तथ्याङ्क छ ।

सूर्योदय नगरपालिकामा ६२ भन्दा बढी चिया प्रशोधन उद्योग छन् । तीमध्ये सूर्योदय टी एशोसिएसनमा ५२ वटा उद्योग आबद्ध छन् । यहाँ तीन हजार हाराहारी किसानको हरियो चियापत्ती प्रशोधन गरिन्छ। यहाँका उद्योगमा सूर्योदय नगरपालिकाको मात्र होइन माइजोगमाई, रोङलगायत किसानले उत्पादन गरेको हरियो पत्ती प्रशोधनका लागि पुग्ने गरेको छ । यहाँको तयारी चिया भारतसहितका तेस्रो मुलुकसम्म पुग्ने गरेको छ ।

नेपालमा १२ हजार ६६ हेक्टरमा चियाखेती हुँदै आएको छ । देशभरमै बढी चिया उत्पादन हुने जिल्ला इलाम हो । यहाँ छ हजार नौ सय ९५ बगान छन् । देशभरका ११ हजार ४१ बगानबाट १० करोड ८० हजार किलो हरियो पत्ती उत्पादन हुने गरेको बगान सञ्चालक बताउँछन् ।

चालु आर्थिक वर्ष २०८१/८२ को मङ्सिरसम्म रू दुई अर्ब ७० करोड ३९ लाख ३६ हजारको चिया निर्यात भएको झापास्थित मेची भन्सार कार्यालयको तथ्याङ्क छ । यो समयमा एक करोड २७ हजार २१९ किलो चिया निर्यात भएको छ । अघिल्लो आव २०८०/८१ को सोही समय अर्थात् साउनदेखि मङ्सिरसम्म रू एक अर्ब ६४ करोड ७५ लाख ७३ हजारको मात्र चिया निर्यात भएको थियो । सो समयमा ६९ लाख ४० हजार छ सय ६० किलो चिया निर्यात भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।रासस

# हप्तामा दुई सय जनाभन्दा बढी पर्यटक सगरमाथा क्षेत्रमा



सोलुखुम्बु । पछिल्लो एक सातामा दुई सय २८ जना विदेशी पर्यटक सगरमाथा क्षेत्र प्रवेश गरेका छन्। पर्यटकको संख्या न्यून रहने यस याममा यतिका पर्यटक यस क्षेत्र प्रवेश गरेको लुक्लास्थित नेपाल नागरिक उड्डयन प्राधिकरण कार्यालयले जनाएको छ ।

कार्यालयका इन्चार्ज जिनिश राजभण्डारीका अनुसार पुस ११ देखि १८ गतेसम्ममा ९१ महिला र एक सय ३७ पुरूष गरी दुई सय २८ जना विदेशी पर्यटक भ्रमणका लागि लुक्ला ओर्लिएका हुन् । पुस ११ गते २८, १२ गते ३१, १३ गते ३०, १४ गते ६६, १५ गते ३६, १६ गते १९, १७ गते चार र १८ गते १४ जना विदेशी पर्यटक भित्रिएको विमानस्थल कार्यालयको तथ्याङ्क छ । अफसिजनमा विगतमा पर्यटक आगमन शून्यजस्तै हुने गरे पनि यस वर्ष पर्यटकको आगमन राम्रो देखिएको पर्यटन व्यवसायी तोयाकुमार श्रेष्ठले बताउनुभयो ।

चिसो समयको प्रवाह नगरी भ्रमण गर्ने विदेशीको सङ्ख्या बढेसँगै होटल व्यवसायी पनि उत्साहित भएका छन् । "अफसिजनमा भित्रिएका पर्यटकले हामीलाई निकै खुसी दिएको छ, पहिलापहिला त पुस-माघमा हामी यत्तिकै बस्नुपर्थ्यो, तर यो वर्ष अलिक राम्रैसँग विदेशी आइरहेका छन् । यसले होटल व्यवसायलाई राम्रो भएको छ", होटल व्यवसायी जाङ्मु शेर्पाले भन्नुभयो ।

खुम्बुमा यो समय चिसोका कारण हिँडडुल गर्न निकै सकस रहेको बताइएको छ। हिमपातपछि अत्यधिक चिसोले पानी जम्दा दैनिकी असहज भएको पर्यटन व्यवसायी लामाकाजी शेर्पाले बताउनुभयो । चिसोका कारण पाइपमै पानी जम्दा पिउने पानी आपूर्तिमा समस्या भएको उहाँले बताउनुभयो ।करिब एक साताअघि परेको हिमपातले खुम्बुमा झन् चिसो बढेको स्थानीयले बताएका छन् । जसका कारण धेरैजसो व्यवसायी जाडो छल्न काठमाडौँसहित अन्यत्र गएका छन्। खुम्बुमा हाल तापक्रम माइनस १५ डिग्री सेल्सियसभन्दा तल झरेको बताइएको छ।

**सुरक्षामा प्रहरी तल्लीन**

पर्यटकको आगमनलाई मध्यनजर गर्दै नेपाल प्रहरी सुरक्षामा सक्रिय रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार पर्यटकको शान्ति, सुरक्षाका लागि खुम्बु क्षेत्रको प्रहरी युनिटलाई सक्रिय गराइएको छ। अफसिजन पर्यटकको आगमन बाक्लिएसँगै प्रहरीलाई मोबाइल गस्तीसहित सुरक्षा व्यवस्थामा चुस्त गरिएको छ।

"खुम्बुमा अफसिजन विदेशी पर्यटकको संख्या बढेको भन्ने सूचना आएसँगै नेपाल प्रहरीलाई थप सक्रिय गराएका छौँ, विदेशी पाहुनाको सुरक्षा व्यवस्थापनका लागि सगरमाथा क्षेत्रअन्तर्गतका सबै प्रहरी युनिटलाई ब्रिफिङ गराई सक्रिय गराइएको छ, शान्ति सुरक्षाका सवालमा हामी कुनै कमी हुन दिनेछैनौँ", प्रहरी नायब उपरीक्षक घिमिरेले भन्नुभयो ।रासस

# सिक्टा सिँचाइ आयोजनाको भौतिक प्रगति ४१ प्रतिशत

जानकी । राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत रहेको बाँकेको सिक्टा सिँचाइ आयोजनाको ४१ प्रतिशत निर्माणकार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०६१/६२ मा स्थापना भई आव २०६२/६३ बाट भौतिक निर्माणको काम सुरू भएको थियो। आयोजना सुरू भएको १९ वर्षपछि आव २०८१/८२ सम्म आइपुग्दा आयोजनाको जम्मा ४१ दशमलव ७९ प्रतिशत भौतिक प्रगति भएको छ।



सिक्टा सिँचाइ आयोजना निर्देशक राजु आचार्यका अनुसार २०७१ भदौ ८ गते रू २५ अर्ब दुई करोड र २०७९ भदौ २६ गते अन्तिमपटक आव २०८९/९० सम्म काम सम्पन्न हुनेगरी लागत संशोधन गरेर रू ५२ अर्ब ८९ करोड पुर्‍याइएको छ । उहाँले भन्नुभयो, "आव २०६१/६२ मा रू सात अर्ब ४५ करोड अनुमानित लागतबाट सुरू भएको आयोजनाको १९ वर्ष बितिसक्दा तीनपटक लागत अनुमान संशोधित हुँदै रू ५२ अर्ब ८९ करोडको बजेट पुगिसकेको छ ।" विसं २०६४ मङ्सिर ३ गते पहिलोपटक लागत संशोधन गरेर रू १२ अर्ब ८० करोड पुर्‍याइएको थियो।

आयोजना सुरू भएदेखि चालु आवको मङ्सिरसम्ममा रू २१ अर्ब ५५ करोड खर्च हुँदा वित्तीय प्रगति ४० दशमलव ७६ प्रतिशत रहेको र भौतिक प्रगति ४१ दशमलव ७९ प्रतिशत मात्र पुगेको इञ्जिनियर अनिल पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आवका लागि रू एक अर्ब ६० करोड बजेट विनियोजन भएकामा हालसम्म रू २३ करोड खर्च भएको छ।

इञ्जिनियर पोखरेलका अनुसार सिक्टा सिँचाइ आयोजनाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको आयोजनाले जिल्लाको ४२ हजार सात सय ६६ हेक्टर जमिनमा पानी सिँचाइको लक्ष्य लिएको छ। पश्चिमी नहर र पूर्वी नहर गरी दुई मुख्य नहरबाट पानी वितरण गरी शाखा नहरबाट सिँचाइको व्यवस्था गरिएको छ।

पश्चिमी मूल नहरबाट ३३ हजार सात सय ६६ हेक्टर र पूर्वी नहरबाट नौ हजार हेक्टर जमिनमा पानी सिँचाइ गर्ने लक्ष्य लिइएको छ। "बयालीस हजार सात सय ६६ हेक्टर सिँचाइ गर्ने लक्ष्य लिइएको आयोजनाबाट १९ वर्ष बित्दा हालसम्म २१ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको छ", इञ्जिनियर पोखरेलले भन्नुभयो, "पश्चिमी मूल नहरको ४५ दशमलव २५ किलोमिटर निर्माण काम सम्पन्न भइसकेको छ। पूर्वी मूल नहरको ५३ दशमलव ५० किलोमिटरमध्ये ३७ दशमलव ६८ किलोमिटर निर्माण सम्पन्न भएको छ।"

पश्चिमतर्फका शाखा-उपशाखा-प्रशाखाको ६० प्रतिशत निर्माण सम्पन्न भएको इञ्जिनियर पोखरेलले बताउनुभयो । उहाँका अनुसार नहर संरचनाका लागि अधिग्रहण गर्नुपर्ने चार सय ४० हेक्टरमध्ये हालसम्म केवल एक सय ७५ हेक्टर जमिन अधिग्रहण गरिएको छ । चालु आवमा पश्चिम मूल नहरको मुख्य डुडुवा शाखाको लागत अनुमान सम्पन्न भई ठेक्का आह्वान भइसकेको छ ।रासस

# गाउँभरि केराखेती, बजारको अभाव

म्याग्दी । एक सय ५० भन्दा बढी घरपरिवारको बसोबास रहेको बेनी नगरपालिका-२ खबरा गाउँभरि केराखेती भएको छ । तर उत्पादन भएको केराले बजार नपाउँदा किसान चिन्तित भएका छन् ।



हिउँदयाम सुरू भएसँगै केरा बिक्री घटेको र बोटमै पाकेर चराचुरूङ्गीको आहरा बन्न थालेको खबराका किसान वुद्धवीर परियारले बताउनुभयो । "पहिले हप्ताको २० घरीसम्म केरा बिक्री हुन्थ्यो", उहाँले भन्नुभयो, "हिजोआज हप्तामा मुस्किलले पाँच घरी पनि बिक्री हुँदैन ।"

खबराका सबैले व्यावसायिक केराखेती गरेका छन् । यहाँ वार्षिक रू दुई करोड मूल्यभन्दा बढीको केरा बिक्री हुने स्थानीय राधाकृष्ण कृषि सहकारी संस्थाले जनाएको छ । केरा बिक्री र आम्दानी घटेको खबराका किसान हीरा कुँवरले बताउनुभयो ।

धान, कोदो, मकै बालीको विकल्पमा केराखेती गरेका किसान उत्पादनले बजार र मूल्य नपाउँदा निराश भएका उहाँले बताउनुभयो ।

प्रति १२ कोसा (दर्जन) रू एक सय ८० सम्ममा बिक्री गरेको केराको मूल्य घटेर अहिले रू एक सयमा झरेको छ । बेनीका फलफूल व्यवसायी श्रीकृष्ण सुवेदीले चिसो बढेसँगै केराको खपत र बिक्री घटेको बताउनुभयो। गर्मीयाममा दैनिक २० दर्जनसम्म खपत हुने केरा हिजोआज दुई-तीन दर्जनमात्रै बिक्री भएको उहाँले बताउनुभयो । स्थानीय किसानको उत्पादनले पुगेपछि बेनीमा पछिल्ला पाँच वर्षयता भारत र तराईबाट केरा आयात न्यून मात्रामा हुने गरेको छ।

खेती विस्तारसँगै उत्पादन बढेको, सीमित बजार र प्रतिकूल मौसमका कारण केरा बिक्रीमा समस्या भएको खबराको राधाकृष्ण कृषि सहकारी संस्थाका अध्यक्ष सोवित शर्मा (सापकोटा)ले बताउनुभयो । केराका अन्य परिकार बनाउने र सहकारीमार्फत सङ्कलन गरेर पोखरा, बागलुङ, कुश्मामा बजार खोज्न थालिएको उहाँले बताउनुभयो।

बेनी नगरपालिकाको केरा पकेट कार्यक्रममार्फत खबरामा पाँच सय रोपनीभन्दा बढी क्षेत्रफलमा केराखेती भएको छ। सोह्र हजारभन्दा बढी केराका गाँज छन् ।

बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले खबराका किसानलाई केरा थामको रेशाबाट धागो बनाउने तालिम र प्रविधि सहयोग गरेको बताउनुभयो।

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममार्फत केराको रेशाबाट धागो बनाउने, थाम कुहाएर प्राङ्गरिक मल बनाउने र बजारीकरण गर्न मिलन संस्थाको आइदिया परियोजनासँग समन्वय गरेको उपप्रमुख लामिछानेले बताउनुभयो ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार शुक्रबार अमेरिकी डलर, स्वीस फ्र्याङ्क, अष्ट्रेलियन डलर, सिङ्गापुर डलर, चिनियाँ युआन, साउदी अरेबियन रियाल, कतारी रियाल, युएई दिराम, साउथ कोरियन वन, स्वीडिस क्रोनर, कुवेती दिनार, बहराइन दिनारको भाउ बढेको छ।



यस्तै, युरोपियन युरो, क्यानेडियन डलर, जापानी येन, मलेसियन रिङ्गेट, डेनिस क्रोनर र ओमनी रियालको भाउ घटेको छ।

केन्द्रीय बैंकले तोकेको विनिमयदरअनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३६ रूपैयाँ ९१ पैसा र बिक्रीदर एक सय ३७ रूपैयाँ ५१ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर एक सय ४१ रूपैयाँ ३२ पैसा र बिक्रीदर एक सय ४१ रूपैयाँ ९४ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रूपैयाँ ३१ पैसा र बिक्रीदर एक सय ७१ रूपैयाँ ०६ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५० रूपैयाँ ८७ पैसा र बिक्रीदर एक सय ५१ रूपैयाँ ५३ पैसा कायम गरिएको छ ।अष्ट्रेलियन डलर एकको खरिददर ८५ रूपैयाँ ०६ पैसा र बिक्रीदर ८५ रूपैयाँ ४३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९४ रूपैयाँ ९२ पैसा र बिक्रीदर ९५ रूपैयाँ ३३ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रूपैयाँ ३० पैसा र बिक्रीदर एक सय रूपैयाँ ७४ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रूपैयाँ ७१ पैसा र बिक्रीदर आठ रूपैयाँ ७४ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ७६ पैसा र बिक्रीदर १८ रूपैयाँ ८४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ४६ पैसा र बिक्रीदर ३६ रूपैयाँ ६२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ५६ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७२ पैसा कायम भएको छ ।रासस

# समितिद्वारा तरकारी र फलफूलको मूल्य निर्धारण

काठमाण्डु । कालीमाटी फलफूल तरकारी विकास समितिले शुक्रबारका लागि कृषिउपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

आज गोलभेँडा ठूलो (भारतीय) रु ९०, गोलभेँडा सानो (लोकल) रु ३५, गोलभेँडा सानो (भारतीय) रु ४५, गोलभेँडा सानो (तराई) रु ४५, आलु रातो प्रतिकेजी रु ५५, आलु रातो (भारतीय) प्रतिकेजी रु ४५, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७२, गाजर (लोकल) प्रतिकेजी रु १२०, गाजर (तराई) प्रतिकेजी रु १००, बन्दा (लोकल) प्रतिकेजी रु ३०, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु २५, काउली स्थानीय प्रतिकेजी रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ४०, काउली तराई प्रतिकेजी रु २५, मूला रातो प्रतिकेजी रु ३४, मूला सेतो (लोकल) प्रतिकेजी रु २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ४५, भन्टा लाम्चो प्रतिकेजी रु ५०, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ७०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ६०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ६०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ६०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु ११०, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ५०, पिँडालु प्रतिकेजी रु ९०, स्कुस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु २५, पालुङ्गो साग प्रतिकेजी ८०, चमसुरको साग, रु ८०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ८०, प्याज हरियो प्रतिकेजी रु ७०, बकुला प्रतिकेजी रु ९०, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु १००, च्याउ (डल्ले) प्रतिकेजी रु ४०० निर्धारण गरिएको छ ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## हकदाबी सम्बन्धी ३५ दिने म्याद सूचना

तपसिलको जग्गाहरुको भगुवा मोही जयकृष्ण मैत्र रहेकोले मोही लगत कटा गरी पाउँ भनि ज.ध.का तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने म्याद/सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकदाबा कोही भई मोही लगत कटा हुनु नपर्ने भए यो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदाबी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

| ज.ध.को नाम | जिल्ला | गाविस | वडा न. | कि. न. | क्षेत्रफल | मोहीको नाम, ठेगाना |
|---|---|---|---|---|---|---|
| शान्ति कु. यादब | रौतहट | लक्ष्मीनिया | २ख | ४३१ | ०-१०-१२१/२ | जयकृष्ण मैत्र बिरगंज विता |

## हिमालयन लाइफ

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम,थर | ठेगाना |
|---|---|---|---|
| १ | ULI २१६००००५३८ | जितेन्द्र कुमार भारती | गौर २ रौतहट |

# 'राजनीतिक स्थायित्व र स्थिर सरकार विना मुलुकको विकास असम्भव'

टुडे समाचारदाता

राजविराज । उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले राजनितिक स्थायित्व र स्थिर सरकार विना मुलुकको विकास सम्भव नभएको बताएका छन् ।

राजविराजमा शुक्रवार नेपाली कांग्रेस सप्तरीको कार्यालयमा आयोजित एक कार्यक्रममा दुई ठूला दलले केही साना दलसमेतलाई मिलाएर वर्तमान सरकार गठन गरिएको उनले बताए ।

पार्टीका स्थानीय नेता/कार्यकर्तालाई सम्बोधन गर्दै कांग्रेसका नेतासमेत रहेका उपप्रधानमन्त्री सिंहले राजनीतिक स्थायित्व र स्थिर सरकार बीना मुलुकको विकास सम्भव नभएकाले बर्तमान सरकार गठन भएको बताए ।

'पटक पटक सरकार परिवर्तनले जनतामा नैराश्यता र विकास निर्माणका कामले गति लिन सकेको थिएन', मन्त्री सिंहले भने"

"समयको मागँ र परिस्थिति बुझेर मुलुकको पहिलो ठूलो दल कांग्रेस र दोश्रो ठुलो दल एमाले सहित अन्य दललाई समेत लिएर राजनितीक स्थिरता र जनताको मूल समस्या समाधानका लागी स्थिर सरकार बनाएका छौं ।"

उनले वर्तमान सरकारले जनहितका थुप्रै काम गरेको दाबीका साथ भविष्यमा समेत मुलुक समृद्ध बनाउन विभिन्न खाका तयार पारेर अघि बढेको बताए । यस अघिका सरकारले शुरु गरी अधुरा छाडेका कामलाई पुरा गर्न र जनहितका नयाँनयाँ काम शुरु गर्न वर्तमान सरकारको लागि परेको उनको भनाइ छ । जनताका विकास चाहना पुरा गर्न पार्टीका नेता तथा कार्यकर्ता समेत एकजुट हुनु पर्नेमा जोड दिए । उनले जनताका घर दैलोमा पुगेर संगठनलाई बलियो बनाउने काममा लाग्न आग्रह गरे ।

"कुनै पनि दलको शक्ती भनेको ग्रासरुटमा संगठन बलियो हुनु हो, उनले भने, यसका लागी पार्टीका जिम्मेवार अधिकारी पार्टीको विधि विधान अनुसार आफु पनि अघि हिड्ने र अरुलाई पनि सोही बाटोमा हिडाउन सक्ने वातावरण बनाउनु जरुरी छ ।'

उनले नेपाली कांग्रेसका संस्थापक नेता कृष्ण प्रसाद भट्टराई, बीपी कोइराला, गणेशमान सिंह, सुवर्णशम्मशेरका साथै गिरिजाप्रसाद कोइराला, सुशील कोइरालाजस्ता दुरदर्शी र परिपक्व नेताको विचार र चिन्तनका आधारमा अघि बढ्को भन्दै यही जगमा कांग्रेसलाइ अघि बढाउने जिम्मा अब हामी सबैको काँधमा आइपुगेको बताए ।

कार्यक्रममा नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साह, सचिव सनद मण्डल, महाधिवेश प्रतिनिधि भगवती प्रसाद यादव, क्षेत्रीय सभापति उमेश मिश्र, जिल्ला समन्वय समिति प्रमुख शिवनारायण साह, युवा नेता ध्रुवप्रसाद देव, इर्शाद अन्सारी, शम्भुलाल देव, तरुण दलका अध्यक्ष अर्जुन यादव, नेविसंघका अध्यक्ष राकेश ठाकुर, जिल्ला बार एशोसियसन सप्तरीका अध्यक्ष हरेराम यादव, निजामती कर्मचारी युनियनका अध्यक्ष सुर्यकान्त झालगायतले राजविराज नगरपालिकाको विटोरी जग्गा वाहाकले बर्षौ देखी लालपुर्जा नपाएको, बसपार्क अलपत्र अवस्थामा रहेको, प्रस्तावित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण काम शुरु हुन नसकेको, जिल्लाका विभिन्न सडक जीर्ण अवस्थामा रहेको, औद्योगिक क्षेत्रमा उद्योगहरुको स्थापना र व्यवस्थित संचालन हुन नसकेको, गजेन्द्र नारायण सिंह अस्पतालमा जनशक्ति र उपकरणको अभाव रहेको, अदालतमा वाणिज्य इजलाश नहुँदा सप्तरी र सिरहाका जनताले दुःख पाइरहेको, माओवादी जनयुद्धका समयमा बन्द भएका नाका क्षेत्रका छोटी भन्सारहरु अझै संचालनमा आउन नसकेकोलगायतका विषयमा मन्त्री सिंहको ध्यानाकर्षण गराउँदै समस्या समाधानका लागि पहल गर्न आग्रह गरेका थिए ।



"समयको मागँ र परिस्थिति बुझेर मुलुकको पहिलो ठूलो दल कांग्रेस र दोश्रो ठुलो दल एमाले सहित अन्य दललाई समेत लिएर राजनितीक स्थिरता र जनताको मूल समस्या समाधानका लागी स्थिर सरकार बनाएका छौं ।"

# बाघ पाल्ने अनुमति देउ सरकार..........

ब्लग :



श्यामसुन्दर शशि

एक बिघामा लगाएको धानवाली जंगली बंगुर र निलगाइले नष्ट गरिदिएपछि उत्तरी-पश्चिमी धनुषाका एक किसान म संगको भेटमा आक्रोश पोखेका थिए- 'सरकारले जंगली जनावर नियन्त्रण गर्न सकेन । अब, किसानहरुलाई बाघ पाल्ने अनुमति दिनु पर्दछ । हामीले निलगाई र जंगली सुंगुर मार्दा कानुन लाग्छ । बाघलाई त लाग्दैन नि ।'

यसैगरि मैले एफएम रेडियोमा संचालन गर्ने कार्यक्रममा महोत्तरी भ्रमरपुराका शिवनारायण मण्डल नामका किसानको फोन आयो-

'सर, आब दोसर सालसँ धानके खेती नै करबै ?

मैले सोधेको थिए- 'धान खेती किन गर्नु हुन्न ?'

उहाँको जवाफथियो- 'भए भरको धाननिलगाई र जंगली सुंगुरले खाई दिएपछि किनगर्नु धान र गुहँ खेती ? पूँजी र मिहिनेत दुवै बर्वाद गर्नलाई ।


पूर्वी धनुषाको कमला किनारका गाउँहरुको व्यथा झन् भयावह छ । एक दशकअघि कमला नदीमा आएको बाढीले नदीको धार परिवर्तन गर्दा कमला नगरपालिका र जनकनन्दनी गाउँपालिकाका झण्डै १० हजार बिघा खेतीयोग्य जग्गा बगरमा परिणत भएको थियो । अचेल यो जग्गामा वर्षभरि झार पात उम्रिरहन्छ । अनि झार पातमा हुन्छन्- निलगाई, सुंगुर र बांदरको स्थायी बसोवास । यी जंगली जनावरहरुले बाँकी बचेका जग्गाका वालीहरु पनि नष्ट गरिदिएपछि केही किसान खेती गर्न नै छाडिसकेका छन् । घाटाको वनिज किन गर्ने भन्दै अन्य किसानहरु खेती किसानी छार्ने मनःस्थितीमा पुगी सकेका छन् । यसैगरि चुरे तलका मात्र होइन, मध्य धनुषाका विदेह र हंसपुर नगरपालिकाहरुमा समेत जंगली जनावरको उत्पात निरन्तर बढ्दो छ ।

चुरे वन विनास भएयता जंगली सुंगुर, निलगाई, बांदरलगायतका जंगली जनावरहरु तराई झर्न थालेका छन् । तराईको समतल भूमिमा स्थायी आवास बनाएका यी जनावर हरुको संख्या र उत्पात निरन्तर बढ्दो छ । भ्रमरपुराका शिवकुमार मण्डलका अनुसार जंगली निलगाई र सुंगुरहरु वालीनाली मात्र नष्ट गर्दैनन्, एक्ला-दुक्लामाथि आक्रमण पनि गर्न थालेका छन् । मण्डलका अनुसार- गतवर्ष ५ मन (२०० किलो) धान उत्पादन भएको खेतमा यसवर्ष ६ पसेरी (३० किलो) मात्र धान घर पुगेको छ । बाँकी धान निलगाईले खाइदिएको थियो ।

जंगली जनावरहरुले बाली नाली मात्र खाइदिँदैन । निलगाईको जिउमा हुने जुम्राले मानिसहरुमा समेत संक्रमण हुन थालेको छ । निलगाईको जिउमा हुने जुम्रा (स्थानीयभाषामा अठगोरबा) मानिसको कान र नाकमा छिरेर गम्भीर विरामी बनाउन थालेको छ । जनकपुर रेल्वे स्टेशनस्थित कान उपचार केन्द्रबाट प्राप्त जानकारी अनुसार- एक वर्षभित्र सयौं जनाको कानबाट अठगोरवा निकालिएको छ । निलगाईको जिउमा हुने उक्त परजीवी उड्न सक्छ । उडेर धान, गहुँ आदि बालीमा बस्छ । अनि वाली भित्र्याउन जाने किसानहरुको कान र नाकमा पसेर दुःख दिन्छ ।

पहाडी क्षेत्रमा बाँदर र तराईमा बाँदरसंगै निलगाई र सुंगुरले किसानको बाली नष्ट गरेको घटना नयाँ भने होइन । जंगली जनावरले बालीनाली नष्ट गर्न थालेपछि पुस्तैनी थाकथलोबाट विस्थापित हुने समाचार निरन्तर आइरहन्छ । तर सरकारले यसको नियन्त्रणको नाममा एकथान निर्देशिका जारी गर्नु बाहेक केही गर्न सकेको छैन । पछिल्लो पटक नेपाल सरकारले वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० मार्फत किसानहरुलाई क्षतिपूर्ति दिने व्यवस्था गरेको छ । बाँदर, नीलगाई, हात्ति, गैंडा, भालु, जंगली बदेल र अर्ना भैंसीलगायत १६ जनावरले बालीमा क्षति पुऱ्याए राहत पाइने व्यवस्था गरेको छ । यी वन्यजन्तुबाट मानवीय क्षति, पशु धनक्षति, अन्न भण्डारण क्षति र बालीक्षतिमा राहत दिने व्यवस्था छ, तर राहत राशि अति अल्प छ । राहत प्राप्त गर्ने प्रक्रिया झञ्झटिलो छ ।

वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०को धारा ४ मा राहत स्वरुप उपलब्ध गराइने रकमबारे उल्लेख छ । धारा ४ को उपधारा ३ को (क) सूचीकृत जंगली जनावरले घरगोठमा क्षति गरेमा मूल्यांकन अनुसार बढिमा २० हजार, (ख)मा अन्न क्षति गरेमा मूल्यांकन अनुसार बढीमा १० हजार तथा (ग)मा बाली क्षति गरेमा मूल्यांकनको आधारमा एक मौसममा लगाइएको बालीको एक पटक र वर्षमा दुई पटकमा नबढ्ने गरी बढीमा दश हजार रुपैयाँसम्म क्षतिपूर्ति दिने व्यवस्था छ । उक्त क्षतिपूर्ति माग गर्न निर्देशिकामा उल्लेख गरिएको ढाँचामा सम्बन्धित डिभिजन वन कार्यालयमा माग गर्नु पर्ने व्यवस्था गरिएको छ ।



हजारौं वर्षदेखि जंगलमा रमाउँदै आएका जंगली जनावरहरु आफ्नो सुरक्षित वासस्थान (जंगल) छाडेर गाउँ किन छिर्दै छन ? तीनै तहका सरकारसंग यसको जवाफ पक्कै पनि होलान् । कारण तीनै तहका सरकारसंग वन, वातावरण, कृषिका विज्ञ छन् । उनीहरुले सरकारलाई आवश्यक सल्लाह दिएकै होलान् । र पनि कृषि पेशालाई विस्थापित गर्ने गरी आएको यस विकराल समस्याबारे तीनै तहका सरकार किन मौन छन् ? सडक, नाला, पोखरी सौन्दर्यीकरणलाई मात्र विकास ठान्ने तीनै तहका सरकारले हातेमालो गरेर मुलुकमा जंगली जनावरको बढ्दो उत्पातलाई रोक्न दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना ल्याउनु आवश्यक छ । नभए उत्तरी-पश्चिमी धनुषाका एकजना किसानले दिएको सुझाव अनुसार-सरकारले किसानहरुलाई बाघ पाल्ने अनुमति दिनु पर्दछ । जसले तीनवाली फल्ने तराईको मलिलो जग्गालाई जंगलमा परिणत हुनबाट रोक्ने छ ।

# 'संघीय गणतन्त्रात्मक व्यवस्थालाई जोगाउन संविधान संशोधन आवश्यक'

टुडे समाचारदाता

जनकपुरधाम । पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले 'संघीय गणतन्त्रात्मक व्यवस्थालाई जोगाउन संविधान संशोधन आवश्यक रहेको टिप्पणी गरेका छन् ।

जनकपुरधाममा शुक्रबार मधेश प्रदेशबाट नेपाल पत्रकार महासंघको निर्वाचनमा केन्द्र, प्रदेश तथा जिल्लामा निर्वाचित भएका पत्रकारहरूको सम्मानमा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका नेतासमेत रहेका पूर्वउपप्रधानमन्त्री निधिले संघीयतालाई मजबुत बनाउन प्रदेशमा निजामती कर्मचारी तथा प्रहरी तत्कालै समायोजन हुनुपर्नेमा जोड दिए । उनले यसका लागि पनि संविधान संशोधन हुनुपर्ने बताए ।

राजनीतिककर्मी र सञ्चारकर्मीबीचको सम्बन्ध अन्योन्याश्रित रहेको भन्दै नेता निधिले दुबै एकअर्काको परिपुरक रहेको बताए । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको सुदृढीकरणका साथै गणतन्त्रलाई बलियो बनाउन नवनिर्वाचित पत्रकार महासंघको नेतृत्वले विशेष ध्यान दिनुपर्ने बताए ।

सो कार्यक्रममा नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादव, पूर्वमन्त्री एवं नेपाली काँग्रेसका नेता रामकृष्ण यादव, मधेश प्रदेशका पूर्व मन्त्री एवं प्रदेशसभाका सदस्य रामसरोज यादव, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह र नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियार सहितका नेताहरू सहभागी रहेका थिए ।




# समाचार लेखेकै कारण एमालेले दियो पत्रकारलाई धम्की

अनिल तिवारी

वीरगञ्ज । समाचार लेखेकै कारण वीरगञ्जका पत्रकार जियालाल साहलाई धम्की दिएको छ । प्रधानमन्त्रीबाट एमालेमा प्रवेश गरेका पर्साका प्रदीप जयसवाल र मधेश प्रदेशका मन्त्री प्रमोद जयसवालकाबारे 'आपराधिक पृष्ठभूमिका जयसवाल दाजुभाइलाई ओलीबाटै एमालेमा भव्य स्वागत, मधेशका एमालेमा त्रास' समाचारको विषयलाई लिएर जयसवाल बन्धुका आसेपासेले पत्रकार साहलाई फोन र सामाजिक सञ्जालमार्फत अभद्र व्यवहार गर्ने धम्की दिएका छन् ।

पत्रकार जियालाल साहको फोटो सामाजिक सञ्जालमा पोष्ट गर्दै आफू एमाले कार्यकर्ता रहेको बताउँदै उनीहरुले यस्तो चेतावनी दिएका छन् ।

यता नेपाल पत्रकार महासंघ पर्साले जियालाल साहलाई धम्की दिनेमाथि कारबाही गर्न माग गरेको छ ।




# १२ वर्षदेखि कोशी योजनाको जग्गाको मालपोत बाँकी

टुडे समाचारदाता

राजविराज । १२ वर्षदेखि कोशी योजनाको जम्गाको मालपोत तिर्न बिहार सरकारले उधारो रोखेको छ ।

नेपालतर्फ लिजमा लिएको जग्गामध्ये करिब ६ सय बिघा जग्गाको मालपोत १२ वर्षदेखि भारतको बिहार सरकारले नतिरेको पाइएको छ । कोशी ब्यारेजबाट पश्चिमी कोशी नहर हुँदै बिहारतर्फ सिँचाइका लागि पानी लगेको बिहार सरकार कोशी योजनाले पश्चिमी कोशी नहर गएको जग्गाको मालपोत लामो समयदेखि तिरेको छैन ।

सम्पर्क तथा भू-आर्जन कार्यालय विराटनगरका अमिन सिताराम साहले पश्चिमी कोशी नहरका लागि लिजमा लिएको ५ सय ९९ बिघा ८ कठा १५ धुर जग्गाको मालपोत बिहार सरकारले तिर्न बाँकी छ । सो जग्गाको मालपोत २०६८ सालदेखि नै नतिर्दा बाँकी रहेको उनले बताए ।

२०६८ सालदेखि २०७८ सालसम्म १० वर्षको कुल १३ लाख ५६ हजार ६ सय ४१ रुपैयाँ ४२ पैसा मालपोत कोशी योजनाले नेपाललाई बुझाउन बाँकी छ । सप्तरीतर्फ कोशी ब्यारेजबाट सप्तरीको हनुमाननगर कंकालिनी, महादेवा,तिलाठी कोइलाडी, राजविराज, विष्णुपुर, डाकनेश्वरी र राजगढ पालिका हुँदै कोशी पश्चिमी नहर बिहार लगिएको छ । उदयपुर, सप्तरी र सुनसरीका गरी कोशी ब्यारेकसहित पश्चिमी कोशी नहर, डुबान क्षेत्र र कोशीको पूर्वी तथा पश्चिमी तटबन्धसहित सो क्षेत्र गरी भारत सरकारले १३ हजार ३ सय ३७ बिघा जग्गा १ सय ९९ वर्षका लागि जिलमा लिएको छ ।

कोशी पश्चिमी नहरका लागि लिइएको ५ सय ९९ बिघा ८ कठ्ठा १५ धुर जग्गाबाहेकको जग्गाको मालपोत २०७८ सालसम्म साहले बताए । बाँकी रहेको मालपोत कर बुझाउनका लागि कोशी योजना वीरपुरमा पत्राचार गरिएको उनले बताए । बहुचर्चित कोशी सम्झौताअनुसार बिहार सरकार कोशी योजनाले लिजमा लिएको जग्गाको भूमि कर(मालपोत) कोशी योजनाले तिर्नुपर्ने उल्लेख गरिएको छ । कोशी योजनाले लिजमा लिएको जग्गाको तथ्यांकमा कोशी योजना उल्लेख रहेको छ । यसअघि पनि पटक-पटक बिहार सरकार कोशी योजनाले मालपोत तिर्न ढिलाइ गर्दै आएको थियो ।

# सहमति कार्यान्वयन नहुँदा लघुवित्त पीडित पुनः आन्दोलित

टुडे समाचारदाता

जलेश्वर । नेपाल सरकार र लघुवित्त संघर्ष समितिबीच भएको सहमति कार्यान्वयन नहुँदा महोत्तरीमा पुनः लघुवित्त संघर्ष समिति आन्दोलनमा उत्रिएको छ ।

सहमति लत्याउँदै लघुवित्त संस्थाहरुले ऋणीलाई पुनः दबाब दिँदै धितो लिलाम गर्न थालेको भन्दै आन्दोलन गर्नुपर्ने अवस्था सिर्जना भएको लघुवित्त तथा वित्तीय संघीय समिति महोत्तरीकी अध्यक्ष शिलम यादवले जानकारी दिइन् ।

महोत्तरीको १ हजार लघुवित्त पीडितलाई पालैपालो धितो लिलामको चिठी आउन थालेको र लघुवित्तका कर्मचारी घरमै गएर दबाब दिन थालेको गुनासो बढ्दै गएको उनले बताइन् ।

गत चैतमा सरकार र लघुवित्त संघर्ष समितिबीच भएको सहमतिमा ऋणीहरुको साँवा ब्याज, शुल्क, जरिवाना, कालोसूची एवं धितो फुकुवा, पीडितको पुनःस्थापना तथा कर्जा भुक्तानी गर्ने कुनै आधार नभएका (घाइते, अपांग, दीर्घ रोगी) वास्तविक पीडितहरुको कर्जा मिनाहा लगायतका विषयमा स्थलगत अध्ययन गरी समाधानका विकल्पसहित काम सुरु गरेको ६० दिनभित्र प्रतिवेदन पेस गर्न सम्बन्धित क्षेत्रका विज्ञ र आन्दोलनरत पक्षका तीन जना प्रतिनिधि समेतको सहभागितामा कार्यदल गठन गर्ने र समाधान गर्ने लिखित सम्झौता भएको थियो ।



# जनकपुरधाममा जाडो बिदा

टुडे समाचारदाता

जनकपुरधाम । चिसो बढेपछि जनकपुरधाम उपमहानगरपालिकास्थितविद्यालयमा जाडो बिदा दिएको छ ।

जनकपुरधाम उपमहानगरपालिका कार्यालयले चिसो बढेपछि शैक्षिक संस्थाहरू बन्द गर्ने निर्णय गरेसँगै १० दिनको बिदा दिएको जनाएको छ ।

शिक्षा तथा खेलकुद विकास शाखाका प्रमुख धीरेन्द्र लाल कर्णले पुस १९ देखि २९ गतेसम्म जाडो बिदा दिने निर्णय भएको जानकारी दिए। वर्षे बिदाबाट कट्टा हुनेगरी जाडो बिदा दिइएको उनले जानकारी दिए ।

प्रमुख कर्णले अत्याधिक जाडोका कारण बालबालिकाको स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई मध्यनजर गरी उपमहानगरपालिका क्षेत्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा बिदा दिने निर्णय भएको बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८